punarnirman7-joint.qxd 05/11/2007 12:07 Page 1




वर्ष-१४, अंक-१-२, वैशाख-असोज २०६४

सल्लाहकार
डा. अर्जुन कार्की
डा. ऋषि अधिकारी
डा. सर्बराज खड्का

सम्पादनः
सोम राई

सम्पादन सहयोगीः
सुशिला थापा

प्रकाशक
**नेपाल ग्रामीण पुनर्निर्माण संस्था**
पो.ब.नं. ८१३०,
लाजिम्पाट, काठमाडौं, नेपाल
फोन नं. ४४१५४१८
फ्याक्सः ४४१८२९६
इमेलः rrn@rrn.org.np
वेबसाइटः www.rrn.org.np

## यस अंकमा

**शक्ति संरचना, शक्ति समीकरण र लोकतन्त्रः एक विश्लेषण** – डा. अर्जुन कार्की — २

**जनस्वास्थ्य तथा आधारभूत जीविकोपार्जन र ग्रामीण पुनर्निर्माण** – राजेन्द्र अधिकारी — ८

**वीऊ पुँजी कार्यक्रम र प्रभाव** – भानु पराजुली — १०

**नेपालको अन्तरिम संविधान २०६३ मा भएका महिलासम्बन्धी सकारात्मक व्यवस्थाहरू** – लक्ष्मी कार्की — १२

**कृषि गड्यौला मल** – डा. सूर्यलक्ष्मी मास्के — १४

**कमैया मुक्तिको सातवर्षः उदाहरणीय बनेका मन्त्री चौधरी** — १६

**कुरुङखोला कल्भर्ट निर्माण योजना** – उमेश भारती — १८

**सहकारी संस्थाका माध्यमबाट स्थानीय समुदायका सदस्यहरुको आय आर्जनमा बृद्धि** – दिपाल घिमिरे — १९

**नमूनाको रुपमा पञ्चकन्या विद्यालय** – दिपाल घिमिरे — २१

**आरआरएन गतिविधि** — २२

# शक्ति संरचना, शक्ति समीकरण र लोकतन्त्र: एक विश्लेषण

डा. अर्जुन कार्की*

## शक्ति र शक्ति संरचना

'शक्ति' र 'शक्ति संरचना' लाई साधारणतया फोहोरी (Dirty), निर्मम वा निर्दयी (Ruthless) र खराब अर्थमा बुझ्ने गरिन्छ । शक्तिका स्रोतहरू, प्रायजसो पैसा (Money), विद्वता (Intelligence), सूचना (Information), कठिन परिश्रम (Hard work) र पद (Position) लाई मान्ने गरिन्छ । शक्ति संरचना र शक्ति आफैमा खराब हुदैन । यीं शक्ति र संरचनामा कस्ता व्यक्तिहरू छन् र कसले शक्ति संरचनाको संचालन गर्दछन् वा गरिरहेका छन् भन्ने कुरा बढी महत्वपूर्ण हुन जान्छ । अझ भन्ने नैं हो भनें, हाम्रो जस्तो सन्दर्भमा शक्तिको संरचना र समिकरण कसरी बनेको छ भन्ने कुरा अर्थपूर्ण हुन्छ । शक्ति संरचनाको सदुपयोग गर्नका लागि उक्त संरचनामा प्रतिनिधित्व गर्ने व्यक्तिको वर्ग चरित्र, राजनैतिक ईच्छा शक्ति र गरिमाले धेरै फरक पार्दछ । शक्तिका दुई अभिन्न अंगहरू- स्रोत र ईच्छा शक्ति हुन् । यीं दुई अंगहरू बीचको मेल कति छ भन्ने कुराले शक्ति संरचना कति जनताप्रति उत्तरदायी छ भन्ने बुझिन्छ, किनभनें स्रोत र शक्ति भएका नेतृत्वमा ईच्छा शक्ति भएन भनें स्रोत र शक्तिको दुरुपयोग हुनजान्छ ।

शक्ति संरचना भनेको एउटा यस्तो पद्धति हो जसले निर्णय लिन सक्दछ, उक्त निर्णय कतिञ्जेल बहाल रहने भन्ने निर्क्यौल गर्दछ र त्यसलाई कार्यान्वयन गर्नका लागि आफै एक शक्तिका रूपमा क्रियाशील रहन्छ । लोकतन्त्रमा जनतालाई यस विषयमा चेतना जगाएर, शिक्षित गरेर, निर्वाचनद्वारा नेतृत्व चयन गर्ने वा जनमत संग्रहमार्फत् विविध प्रतिस्पर्धी विचारमध्ये कुनै एक निश्चित विचारधारालाई राजनैतिक दल र नेतृत्वका आधारमा आम जनसमुदायद्वारा अनुमोदन गर्ने गरिन्छ, जसले गर्दा निर्णय गर्न सहज हुन्छ । यसप्रकारको जनताको निर्णयपश्चात्, सामान्यतया पराजित विचार तथा नेतृत्वहरू तत्कालै जनक्रान्तिमा नगई अर्को निर्वाचनसम्म कुरेर बस्छन् ।

अधिनायकवादी निर्णय प्रक्रियामा कुनै एक व्यक्तिलाई शक्तिमा नियुक्त गरिन्छ र उसले गरेका निर्णयहरूलाई अरुले अपनाउन वा मान्न बाध्य पारिन्छ । यसमा एउटा मात्र शक्ति केन्द्र वा संजाल रहन्छ, अरुहरू कि त यसका भगिनी संस्थाका रूपमा रहन्छन् कि यसविरुद्ध जाई लाग्दछन् । शक्ति संरचना शब्दको सवालमा यसले केही स्थिर परिवेशको झझल्को दिने भएता पनि वास्तवमा यो गतिशील, समावेशी र समाजको परिवर्तित वास्तविकता र जनआकांक्षाहरूलाई आत्मसात गर्नका लागि लचकदार पनि हुनुपर्दछ । यसो गर्न असफल हुनेवित्तिकै यसले जुन जनताको वैधानिकता प्राप्त गरी कार्य गरिरहेका हुन्छ, तिनैबाट विविध चुनौतीहरूको सामना गर्नुपर्नेहुन्छ ।

## समावेशी लोकतन्त्र

समावेशी लोकतन्त्रका सिद्धान्तकार ताकिस फोटोपाउलस (Takis fotopoulos) का अनुसार संसारभरि नैं सिमित सभ्रान्त वर्गको हाल शक्ति केन्द्रिकरणबाट सृजना भएको संकटलाई सबोधन गर्न समावेशी लोकतन्त्रलाई प्रवर्द्धन गर्न आवश्यक छ । समावेशी लोकतन्त्रको अवधारणा दुई मुख्य ऐतिहासिक परम्परागत प्रजातन्त्र र समाजवादी मूल्य मान्यताको संस्लेषणबाट विकास भएको छ । यसले उग्रहरित (Radical green), महिलावादी, आदिवासी र गरीव देशहरूमा भएका मुक्ति आन्दोलनका मुद्दाहरूलाई समेत समेट्छ । छोटोमा

भन्नुपर्दा, समावेशी लोकतन्त्र भनेको एक प्रकारको सामाजिक सांगठनिक ढाँचा हो, जसले सामाजिक परिवेश, अर्थनीति, राजनीति र प्रकृतिलाइ पुनर्समायोजन गर्दछ ।

## राज्यको वर्गीय बनौट र शक्ति संरचना

दक्षिण एशियाको एक सबैभन्दा पुरानो, स्वतन्त्र र सार्वभौम राष्ट्र भएता पनि राजनीतिक स्थायित्व, आर्थिक विकास र सामाजिक न्यायका दृष्टिबाट सबैभन्दा पछौटे अवस्थामा रहेको नेपाल अहिले राजनीतिक, आर्थिक र सामाजिक संक्रमणको प्रक्रियाबाट अघि बढिरहेको छ । नेपालको एकिकरणपश्चात्का १०४ वर्षे जहाँनियाँ राणाशासन, ३० वर्षे निरङ्कुस शाही पञ्चायती शासन र २०४६ साल यताको संवैधानिक राजतन्त्रात्मक प्रजातान्त्रिक शासन कालका कुनै पनि राजनैतिक व्यवस्था साँचो अर्थमा आम रूपमा विपन्न र निमुखा जनतामुखी हुन सकेनन् । समाजमा व्याप्त पछौटेपन, अशिक्षा, गरिवी, नैराश्य तथा सामाजिक-आर्थिक शोषण धीमा गतिमा अगाडि बढ्ने प्रयासमा भएपनि सामान्यतया यथावत नैं रह्यो । शासनका मुख्य अङ्गहरू र नीति निर्माण प्रक्रियामा पहिल्यैदेखि यो वा त्यो नाममा हावी रहँदै आएको कुनै खास भौगोलिक क्षेत्र, खास जात-जाति र वर्गको प्रभुत्व कायमै रह्यो । सामाजिक, सांस्कृतिक, क्षेत्रीय र लैंगिक रूपमा सिमान्तीकृत समुदाय उत्पादनका स्रोत साधन, अधिकार र अवसरको पहुँचबाट बञ्चित भईनैं रहे । फलस्वरुप 'हुनेहरू' र 'नहुनेहरू' को बीचको खाडल साँघुरो हुनुको सट्टा झन् बढ्दै गयो । समाजमा व्याप्त यिनै असन्तुष्टिहरूको उत्कर्षको रूपमा नेपालले १२ वर्ष लामो आन्तरिक हिंसात्मक युद्धको पीडा पनि भोग्नु पर्‍यो । यसैको पृष्ठभूमिमा उभिएर २०६२/०६३ मा भएको जनआन्दोलन-२ को सफलतापछि भने एकहदसम्म राजनीतिको मूलधारमा रहेका राजनीतिक पार्टीहरू र तिनका नेताहरूमा समाजभित्र विद्यमान अन्तरविरोधहरूलाई दिगो रूपमा हल गर्न अग्रगामी पहल गर्न मञ्जुर भएको आभास सम्म दिने गरेकाछन् । यसैको स्वीकारोक्तिका रूपमा संविधानसभाको चुनावको माध्यमबाट राज्यको पुनर्संरचना गर्दै नेपाललाई एक संघात्मक गणतन्त्रमा आधारित समावेसी लोकतान्त्रिक मुलुकको रूपमा स्थापित गर्न बृहद राजनीतिक सहमती भएको छ र नेपाल ऐतिहासिक रुपमै महान संक्रमणको अवधिबाट गुज्रिरहेको छ ।

नेपालको सामाजिक-राजनीतिक परिस्थितिमा हाल देखिएका केही सकारात्मक लक्षणहरूका वावजुद अंझै पनि सोंचिए जस्तो रूपमा 'नयाँ नेपाल' निर्माण गर्ने कुरा चुनौतीपूर्ण नैं छ । नेपाली अर्थराजनीतिको वर्तमान 'अल्पविकास' र 'मन्दगति' को लागि आन्तरिक रूपमा सामन्ती राज्यसत्ता तथा थोत्रो र दमनकारी सामाजिक-राजनीतिक संरचनाहरू र बाह्य रूपमा भारत, चीन लगायत अन्य दक्षिण एशियाली राष्ट्रहरूको नेपालमाथिको आर्थिक सामिप्यता तथा राजनैतिक क्षेत्रमा विशेष सम्बन्ध बाधकका रूपमा रहेका छन् । वितेका अढाई सर्य वर्षसम्म नेपाली समाजलाई अघि बढ्नबाट रोक्ने अर्थ-राजनीतिक र सामाजिक-सांस्कृतिक संरचनाहरूमा आधारभूत फेरबदल नआएसम्म परिवर्तनका प्रयासहरू केवल देखावटी मात्र सावित हुन सक्दछन् । जुन परिवेस, जहाँ हामी नयाँ नेपाल निर्माणको प्रक्रियामा जुटेकाछौं, यसलाई खोतलेर गरेर हेर्नु अत्यन्त जरुरी छ । तसर्थ यहाँ हामी नेपाली समाजको लोकतन्त्रीकरण गर्ने सम्बन्धमा विद्यमान शक्ति संरचना, समीकरण र यसलाई प्रभावित पार्ने आन्तरिक तथा बाह्य पक्षहरूका सम्बन्धमा चर्चा गर्नेछौं ।

नेपाली समाजलाई वर्ग-विभाजित समाजको रूपबाट हेर्नुपर्दा व्यक्तिहरू बीचको आर्थिक सम्बन्धहरूलाई प्राथमिक रूपमा केलाउनु पर्ने हुन्छ । समाजको वर्ग बनौट र त्यसको राज्यसँगको सम्बन्धका आधारमा राज्यको वर्ग चरित्र निर्धारण भएको हुन्छ । नेपाली समाजको मूल आर्थिक आधार कृषि हो र ८० प्रतिशतभन्दा बढी जनशक्ति कृषिमा संलग्न रहेको छ भने केन्द्रीय तथ्याङ्क विभागका अनुसार लगभग त्यत्तिनैं प्रतिशन नेपालीहरू गाउँमा बस्दछन् । तर कृषिमा संलग्न उत्पादक शक्तिहरू एकदमै पछौटे अवस्थामा छन् । कृषिमा भएको लगानीको ९९ प्रतिशत जमीन, मानव र पशुश्रम र आदिम सामग्रीमा हुने गरेको छ भने केवल १ प्रतिशत मात्र आधुनिक उत्पादनको साधनहरूमा खर्च गरिएको छ ।

नेपालको कृषिमा आधारित उत्पादन सम्बन्धको विशेषताहरूलाई समग्रमा किसान, अर्ध-सामन्ती र पुँजीवादी स्वरुपका उत्पादनका रूपमा उल्लेख गर्न सकिन्छ । बहुसंख्यक नेपालीहरू जमीन, पशु, कृषिऔजारहरूका मालिक रहेका किसानहरू भएको अवस्थामा **नेपालको अर्थ-राजनीति र वर्ग सम्बन्धलाई बुझ्न कृषि उत्पादन सम्बन्धलाई बुझ्न् एकदमै महत्वपूर्ण हुन्छ ।** प्रारिम्भिक रूपमा त्यो सम्बन्ध 'मालिक-जोताहा', 'मोही' र 'मोही पनि मालिक पनि', जोसँग थोरै भए पनि जमीन छ, र आफ्नै उपभोगका लागि खेती गर्छन् र प्रायःजसो पारिवारिक श्रम र आफ्नो समुदायभित्रको पर्म श्रममा निर्भर रहेका हुन्छन्, को रूपमा रहेको हुन्छ । तथापि, खास अवस्थामा अनियमित र नियमित श्रमिकको प्रयोग पनि गर्दछन्- जस्तो, हलिया, कमैया र हरूवा आदि । उनीहरूले कामी, दमाई र सार्की जस्ता कतिपय व्यावसायिक जातका श्रमिकसँग 'संरक्षक-ग्राहक' वा 'मालिक-सेवक'को सम्बन्ध पनि कायम गरेका हुन्छन् । भूमिहीन ग्रामीण गरीबहरू प्रायशः कृषि श्रममा नै निर्भर छन् । उनीहरू आफ्नो जीविकाको लागि ठूला कृषि फर्म र धनी किसानकहाँ काम गर्दछन् । उनीहरूको अतिरिक्त श्रमबाट फाइदा हुने खानेहरूले नै उठाउँदछन् ।

नेपालको कृषि क्षेत्रको उत्पादन सम्बन्ध एकदमै जटिल छ । चेपाङ, राउटे जस्ता घुमन्ते समाजको अस्तित्व एकातिर रहेको छ भने अर्कातिर सुविधासम्पन्न पुँजीवादी किसानहरू, जो बजारको लागि खेती गर्दछन् र थोरै भए पनि कृषि श्रमिकको प्रयोग गर्दछन् । सन् १९५९ मा विर्ता प्रणालीको उन्मुलन गरी भूमिसुधार ऐन २०२० मा लागु भएपछि यसबाट ठूला जमिन्दारको हातबाट केही जमीन खोसिएता पनि अझै विभिन्न तरिकाबाट लुकाइएको अवस्थामा जमीनको ठूलो भाग मुठ्ठीभर जमिन्दारहरूको हातमा रहेको छ । ती जमिन्दारहरू सरकारी अधिकारीहरू, राणा खानदान र उच्च जातिका प्रतिनिधिहरू हुन सक्छन् । यो अवस्था बढी तराईमा छ र पहाड र हिमाली भेगमा कम रहेको छ ।

उनीहरूले नै नेपालको संसद, न्याय सेवा, सुरक्षा सेवा लगायत कर्मचारीतन्त्रमाथि पनि नियन्त्रण राखेकाछन् । यस वर्गले नेपालको राजनीति र कर्मचारीतन्त्र मात्र हैन होटेल, पर्यटन्, गलैंचा, गार्मेन्ट उद्योग र अन्य व्यापारिक क्षेत्रमा पनि नियन्त्रण राखेका छन् । शासक वर्गले कृषि क्षेत्रबाट शोषण गरेको आम्दानीलाई उद्योग र व्यापारमा लगानी गरेता पनि उनीहरूले आफूलाई स्वतन्त्र राष्ट्रिय पुँजीपतिको रूपमा स्थापित गर्न सकेका छैनन् । बरु उनीहरू अन्तर्राष्ट्रिय पुँजीवादलाई विस्तार गर्ने दलालको काममा मात्र केन्द्रित रहेका छन् । वास्तविकतामा, उनीहरूले नेपाल राष्ट्र र नेपाली जनताको स्वार्थका लागि काम गरिरहेका छैनन्, बरु ठूला अन्तर्राष्ट्रिय व्यापारिक घरानाहरू, व्यापारीहरू, उद्योगपतिहरू र कमिशन दलालहरूको सेवा गरिरहेका छन् । परिणामस्वरुप के भन्न सकिन्छ भने नेपाली व्यापारिक पुँजी दलाल पुँजीको रूपमा स्थानान्तरित भैरहेको छ, राष्ट्रिय पुँजी र राष्ट्रवादी पुँजीपति वर्गको उदय हुन सकेको छैन । विदेशी बहुराष्ट्रिय कम्पनीहरूको दलालको रूपमा काम गरी सजिलो तरिकाले धन कमाउने धन्दामा लागेका 'उद्योगपति'हरूको यो रवैया र त्यसलाई पृष्ठपोषण गर्ने राजनीतिक र प्रशासनिक नीति निर्माताहरूको गैरजिम्मेवार प्रवित्ति नै नेपालमा राष्ट्रिय उद्योगको विकासको बाधकको रूपमा रहेका छन् ।

नेपाली राज्यको यही शोषण आधारित वर्गीय चरित्रका कारणले गर्दा आफ्नो अधिकारका लागि नेपाली जनताले निरन्तर रूपमा राज्यको विरुद्धमा संघर्ष गर्दै आएका छन् । चाहे त्यो १०४ वर्षे राणाशासनको विरुद्धमा होस् वा ३० वर्षे निरङकुस पंचायती शासनको विरुद्धमा होस् । अझ २०४६ सालपछि स्थापित संवैधानिक राजतन्त्रको मातहत रहेको बहुदलीय प्रजातन्त्रको अवधिमा समेत अभुतपूर्व रूपमा जनता आन्दोलित हुन पुगे । २००७ साल, २०१७ साल र २०४६ सालमा भएका राजनीतिक परिवर्तनहरूका बावजुद राज्यको आधारभूत संरचनामा वर्गीय रूपमा कुनै परिवर्तन हुन सकेन । प्रष्ट रूपमा भन्नुपर्दा, राज्यले जमिन्दार वर्ग, गाउँका मुखियाहरू र दलाल पुँजीपतिहरूको स्वार्थलाई मात्र प्रतिनिधित्व गर्‍यो । नेपालको इतिहासको सबै कालखण्डहरूमा राज्यको भूमिका भनेको आन्तरिक सुरक्षा कायम गर्ने, करको रूपमा

किसान र अन्य सामाजिक वर्गको आर्थिक शोषण गर्ने काममा नै सिमित रहन पुग्यो । त्यसले गर्दा पुन: एकपटक जनता गोलबन्द भएर २०६२/२०६३ को जनआन्दोलन २ मार्फत् राज्यशक्तिका स्रोत सार्वभौम जनता हुन् र तीनका प्रतिकूलका शासन व्यवस्थाहरू एकपछि अर्को गर्दै ढल्दै जान्छन् भन्ने प्रमाणलाई निरन्तरता दिंदै दरबारिया हैकमवादी शासनलाई घुँडा टेकाए ।

## शक्ति संरचना र समीकरण

२०४६ सालको परिवर्तनपछि समेत राष्ट्रिय राजनीति र राज्य संचालनमा वैदेशिक शक्ति केन्द्रहरूको भरथेगमा अभिजात्य वर्गको पकड कायमै रहन पुगेको कुरा जनआन्दोलन-२ को पटाक्षेप भएबाट पनि प्रष्ट हुन्छ । जमिन्दार वर्गले नै गुणस्तरीय शिक्षा र नेपाली राजनीतिमा नातावा( दको आधारमा पहुँच राख्ने हुनाले न्याय सेवा, प्रहरी, सैनिक र कर्मचारीतन्त्रको उच्च ओहदामा तिनै जमिन्दार वर्ग र दलाल पुँजीपतिहरूको हैकम कायम रहेको छ । त्यसकारण के भन्न सकिन्छ भने सर्वसाधारण नेपालीले 'ठूलोमान्छे' वा 'ठालुमान्छे' हुने अवसर कहिले पनि पाएनन् । यो परम्परा बहुदलीय प्रजातन्त्रको स्थापनापछि पनि बदलिन सकेन । यसैगरी स्रोत र शक्तिको न्यायोचित वितरण गर्ने काममा पनि राज्य असफल हुन पुग्यो । बरु २०४६ सालपछि ३० वर्षसम्म शाषक रहेका पूर्वपञ्चहरूमध्ये ६० प्रतिशतले नेपाली कांग्रेस पार्टीमा प्रवेश गरे, २० प्रतिशतले नेकपा एमाले, नेकपा माले र सद्भावना पार्टीहरूमा प्रवेश गरे भने बाँकीले राष्ट्रिय प्रजातन्त्र पार्टीमा प्रवेश गरे । (जनआस्था साप्ताहिक, ४ फेब्रुअरी २०००) । आखिरमा यो अवस्था 'नयाँ बोटलमा पुरानो रक्सी' कै स्थितिमा रहन पुग्यो ।

२०४७ सालको नेपाल अधिराज्यको संविधानले नेपाली जनतालाई राज्यशक्तिको स्रोत मान्ने, संपूर्ण नागरिकको आधारभूत मानवअधिकारको ग्यारेन्टी र कानुनी शासनको व्यवस्था जस्ता अनेक प्रजातान्त्रिक प्रावधानहरूको व्यवस्था गरिएको भएतापनि व्यावहारिक जीवनमा, खासगरी अत्यन्त जोखिममा रहेका सिमान्तीकृत ग्रामीण जनताका लागि तिनीहरू केवल कागजको खोस्टोको रूपमा रहन पुगे ।

जनताको प्रतिनिधिको रूपमा पटक-पटक संसद र सरकारमा पुगेकाहरू अल्पसमयका लागि भएपनि लाभको पदको कुर्सीमा आसिन हुन त सफल भए तर राज्यशक्ति र सत्ताको बागडोर सम्हाल्न भने असफल रहे । नेताहरूमा पद धारण गर्दैमा राज्यशक्ति प्राप्त हुन्छ भन्ने भ्रम रह्यो, तर साँचो अर्थमा उनीहरू सत्ताका अल्पसमयका गोठाला जस्ता मात्र रहन पुगे । साँचो सत्ताको केन्द्रमा कहिल्यै पनि पुग्न सकेनन् । विडम्वना त के छ भने कुर्सीमा पुग्नु र सत्तामा जानु दुई भिन्न पहलु भएको हेक्कासमेत जनप्रतिनिधिहरूमा हुन सकेन । लोकतान्त्रिक नेताहरू सत्तामा गएर राज्यसत्ताको चरित्र बदल्नु त कता हो कता उल्टै राज्य संरचनाभित्र प्रवेश गरेपछि यथास्थितिवादी राज्य संरचनाको साँचोमा उनीहरू आफै परिवर्तिन हुन पुगे ।

राज्यको रूपमा केही परिवर्तनहरू देखिए पनि सारमा जस्ताको त्यस्तै रह्यो । पहिले जस्तै राज्य समीकरणको निर्माणमा भारत, चीन, अमेरिकी सरकार तथा तिनका अन्य संजालहरूले नैं अहम् भूमिका निर्वाह गर्दै आएको तीतो सत्य जग जाहेर छ । सत्ता समीकरणको हरेक परिवर्तनमा देशीय पेट्टी बुर्जुवाहरू नै यो या त्यो नाममा देखा परेबाट र विदेशी शक्ति केन्द्रहरूको चलखेल घनिभूत हुँदै गएबाट यो प्रष्ट हुनजान्छ ।

## राजनैतिक दलहरू र तीनको कार्यशैली

कतिपय राजनैतिक दलहरू र तीनका नेताहरू नीति र कार्यक्रमबाट भन्दा गुट र उपगुट (Coterie), आफ्नो र पराई, विचार केन्द्रित होइन कि व्यक्ति केन्द्रित परिपाटीबाट संचालित छन् । आफ्नो गुटलाई एकगठ राख्न भ्रष्टाचार लगायतका विविध अप्राकृतिक र अनैतिक कार्य गर्न पनि पछि पर्दैनन् । नेपालमा राजनीतिक पार्टीहरूका प्राय:जसो उच्चतहका नेतृत्व जमिन्दार वर्ग वा आम नेपालीभन्दा अलिक भएपनि सम्पन्न घरानाबाट आएका छन् र पुरुषहरूको आधिपत्य चिरिनसक्नुको छ । त्यसले गर्दा खास अर्थमा निमूखा वर्ग र पछाडि पारिएका जनसमुदायको प्रतिनिधित्व हुन सकिरहेको

छैन । दलहरूमा वर्गीय चरित्र र नीतिभन्दा पनि जातिगत, क्षेत्रगत र लिंगगत चरित्र हावी भएको छ । दलका नेताहरूमा आजिवन हण्डी खान पाउनुपर्ने मानसिकता व्याप्त छ । दलका पददेखि लाभका पदसम्म एकचोटी प्राप्त गरेपछि जीवनभर छोड्नु नपरोस् भन्ने चिन्तनले डेरा गरेको पाइन्छ । आफ्नै दलभित्र नेतृत्व चयनको र निर्णय कार्यशैलीको लोकतान्त्रिक पद्धति दुर्लभ छ । यसो भएको हुँदा राज्य संरचनामा समावेशी लोकतन्त्रको नारा एक उराठलाग्दो नारा मात्र हुन पुगेको छ ।

वर्गीय चिन्तन र प्रगतिशील विचारधारालाई अगाडि बढाउँदै राजनीतिको मूलधारमा प्रवेश गरेको ने.क.पा. माओवादी पार्टीले समेत वर्गको आधारमा नभई जात/जाति, भौगोलिक क्षेत्र, आदिलाई राजनीति र राज्य संरचना संचालनको आधारका रूपमा स्थापित गर्दै गैरहेको देखिन्छ । यसको देखासिकी अन्य दलहरूले पनि गर्न थालेका छन । यसो हुँदा यो एक प्रगतिशील सैद्धान्तिक विचारधारात्मक संघर्ष वा आन्दोलन हुनुको साटो जसरी भएपनि सत्ता हत्याउने तिकड्मका रूपमा चित्रित हुन पुगेको छ ।

## नागरिक समाजको भूमिका

राज्ययन्त्रका अलावा नेपालको राजनैतिक, सामाजिक र आर्थिक क्षेत्रमा नागरिक समाजका संस्थाहरूको पनि उल्लेख्य भूमिका रहेको छ । गैरसरकारी संस्थाहरूले नेपालमा दमनकारी र निमूखा जनतामारा राजनैतिक व्यवस्थाका विरुद्ध प्रगतिशील र जनमूखी राजनैतिक पद्धतिलाई बढावा दिने, मानवअधिकारको संरक्षण तथा प्रवर्द्धन गर्ने, समुदायहरूलाई समूहहरूमा संगठित गर्दै, दिगो जीविकोपार्जनका लागि स्वावलम्बन र स्वविकासमा आधारित राजनैतिक, आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने र समुदायका सदस्यहरूका बीचमा आत्मनिर्भरता बढाउन अन्तरसहयोगलाई सबल बनाउने काम गर्दै आएका छन् । २०४६ सालपछि नेपालमा गैरसरकारी संस्थाहरूको संख्या उल्लेखनीय रूपमा बृद्धि भएको छ । २०२० सालतिर केवल १० वटा गै.स.स. रहेकोमा सन् २००६ सम्ममा यसको संख्या बढेर २५,००० भन्दा बढी पुगेको छ । तिनीहरूमध्ये केही गै.स.स.हरू उच्च राजनीतिज्ञ, सरकारी कर्मचारी र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको पहलमा वैदेशिक सहयोगलाई आफ्ना स्वार्थमा प्रयोग गर्नका लागि स्थापित भएका भएतापनि अरुले भने ग्रामीण जनतालाई सहयोग गरिरहेका छन् । यस्ता गै.स.स.हरूको राज्ययन्त्रसँग राम्रो सम्बन्ध रहेको छैन अपितु तिनीहरूलाई राज्यको प्रतिष्पर्धीको रूपमा व्यवहार गर्ने गरिन्छ, न कि सहयोगीको रूपमा ।

त्यसैगरी अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, राष्ट्र संघीय निकायहरू र दातृसंस्थाहरूको भूमिका पनि त्यति सन्तोषजनक रहेका छैनन् । डा. बाबुराम भट्टराईका अनुसार नेपालमा वैदेशिक सहायताको प्रभावहरू न्यून हुनुमा क) गरिबी निवारणमा अप्रभावी, ख) लक्ष्य हासिल नभएको, ३) परियोजना दिगो नहुनु र ४) भ्रष्टाचार रहेका छन् । बरु तिनीहरूलाई अन्तराष्ट्रिय वित्तीय संस्थाहरूको हितमा नेपाली अर्थतन्त्र र बजारको उदारीकरणको माध्यमबाट भूमण्डलीकरणको प्रवर्द्धन गर्ने दलालको रूपमा लिइने गरिएको छ । यिनका अलावा, विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्राकोष र एशियाली विकास बैंक जस्ता अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू पनि नेपालको विकास गतिविधहरूमा लगानी गरिरहेका छन् । तर पनि उनीहरू आफ्ना घोषित लक्ष्यहरू हासिल गर्न असफल रहेका छन् ।

### भारत, चीन, सार्क लगायत अन्य अन्तर्राष्ट्रिय शक्ति केन्द्रहरूको भूमिका

नेपालको राजनीति र अर्थतन्त्रलाई आकार दिने सवालमा सार्क क्षेत्रको शक्ति सम्पन्न नेपालको तीनतिरको छिमेकी देश भारतको ऐतिहासिक रूपमा विशिष्ट भूमिका रहने गरेको छ । नेपालको इतिहासमा भएका प्राय: हरेक राजनीतिक परिवर्तनहरू (जस्तै, १८४६, १९५०, १९९०, र २००६ मा समेत) मा सकारात्मक वा नकारात्मक रूपमा भारतको भूमिकाको विशिष्ट स्थान रहेको छ । राजनीतिक रूपमा मात्र नभएर आर्थिक र व्यापारिक रूपमा पनि नेपालमा भारतको हैकम कायम रहिआएको छ । नेपालमा भएको प्रत्यक्ष वैदेशिक लगानीमध्ये ३५ प्रतिशत भारतको रहेको छ । तसर्थ नेकपा (एमाले), नेकपा (माओवादी)

punarnirman7-joint.qxd 05/11/2007 12:07 Page 7



लगायतका प्रायः सबै बाम राजनीतिक पार्टीहरूको दृष्टिमा नेपाल आर्थिक रूपमा भारतीय पुँजीपतिहरूको लागि लगानी गर्ने, शोषण गर्ने र मुनाफा कमाउने बजारको रूपमा रहेको कुरा स्वकारिएको पाइन्छ ।

यसको विपरित छिमेकी चीन र अन्य सार्क देशहरूले भने सामान्यतया नेपालका विपक्षी आन्दोलनसँग सम्बन्ध राख्ने गरेका छैनन् । उनीहरू मूलधारको राजनीतिसँग सुमधुर सम्बन्ध कायम गर्न प्रतिबद्ध रहेका छन् र नेपाली भूमिमा उनीहरूका विरुद्धमा हुने षडयन्त्रलाई निरुत्साहित गर्न नेपालपक्षबाट सुनिश्चितता चाहन्छन् । संयुक्त राज्य अमेरिकी सरकारको भूमिका भने नेपालमा प्रगतिशील बामपन्थी आन्दोलनलाई भरसक असहयोग गर्ने र त्यसका लागि अनेक खाले गठबन्धनहरूमा संलग्न हुने खालको देखिन्छ ।

## उपसंहारः राज्यको पुनर्संरचना र संक्रमण कालका चुनौतीहरू

समावेशी लोकतान्त्रिक संघात्मक गणतन्त्रको विकास गर्न संक्रमणकालीन अवस्थाबाट अघि बढ्दै नयाँ नेपाल निर्माणको संघारमा उभिएको यस समयमा नेपालको अर्थ-राजनीतिका उपरोल्लेखित यावत सवालहरूलाई पनि सही र सटिक रूपमा बुझ्न र यथार्थलाई आत्मसात गर्दै तदनुकुल रणनीतिहरू तय गर्दै अगाडि बढ्नु अपरिहार्य छ । खासगरी यस बीचमा समावेशीकरणको दायराभित्र जात/जाति, समुदाय, क्षेत्र र लिंगले बढी चर्चा पाइरहेको सन्दर्भमा आर्थिक-सामाजिक रूपमा सिमान्तीकृत वर्ग अर्थात् बहुसंख्यक गरीब, शोषित, पीडित वर्गलाई उपरोल्लिखत अर्थ-राजनीतिक यथार्थका आधारमा उनीहरूको कसरी वास्तविक समावेशीकरण गर्ने भन्ने सवाल पनि त्यतिकै अहम रहेको छ । राज्यबाट समाजका संपूर्ण वर्ग, समुदाय, निकाय र क्षेत्रमा अधिकार, स्रोत र अवसरको समुचित र न्यायपूर्ण पहुँच, नियन्त्रण र वितरणबाट हुने र नहुने बीचको खाडललाई यथार्थपरक ढंगले नघटाएसम्म कुनै पनि शासन प्रणालीको निरन्तरतामाथि प्रश्न उठिरहने छ । वर्तमान संक्रमणकाल र त्यसपछिका राज्य पुनर्संरचनाका केही चुनौतीहरू यस प्रकार रहेका छन्:

१) दण्डहीनताको संस्कृतिको अन्त्य गरी समावशी लोकतन्त्रमा आधारित कानुनी राज्य र विधिको शासनको पूर्ण बहाली,
२) बाह्य शक्ति केन्द्रहरूको अनावश्यक हस्तक्षेपको अविलम्ब अन्त्यका लागि पहल,
३) राजनैतिक दल, सरकार लगायत सबै सार्वजनिक निकायहरूमा अनिवार्य समावेशी लोकतान्त्रिक प्रणालीको अविलम्ब अभ्यासको थालनी,
४) जनआन्दोलन-२ को भावना र दलहरू बीच स्थापित सहमती/सम्झौताहरूको ईमान्दारितापूर्वक कार्यान्वयन,
५) विभिन्न व्यक्ति, राजनैतिक तह तथा समुद( ायबाट प्रेसित असल सुझाव ग्रहण गर्ने परिपाटीको विकास,
६) विचार प्रधान/ केन्द्रित राजनैतिक प्रणाली/ संस्कृतिको विकास,
७) दल, सरकार तथा अन्य राज्य संरचनाको संचालनमा हुने उचित अपारदर्शिताको अन्त्य,
८) समावेशी लोकतन्त्र र शान्तिका लागि हुने सवै पहलहरूमा स्थानीय जनसुदायहरूको अनिवार्य संलग्नता,
९) राजधानी केन्द्रित उपरी तहको सैद्धान्तिक बहसलाई गाउँ केन्द्रित व्यवहारिक कार्यान्वयनमा अविलम्ब रुपान्तरण,
१०) छिटपुट रूपमा देखा परेका भनिएका आम नैराश्य (Mass frustration) लाई सम्वोधन गर्नेगरी द्वन्द्वको मुख्य कारकका रूपमा दरिएका गरिबी, रोग, अशिक्षा, खाद्यान्नको अभाव, शक्तिहीनता, आवासको अभाव, आदि समस्याहरूलाई मानवअधिकारको संरक्षणको रूपमा तत्काल सम्बोधन,
११) दह्रो र भरपर्दो राजनैतिक ईच्छाशक्तिको व्यावहारिक प्रर्दशन, आदि ।

** डा. कार्की आरआरएनका अध्यक्ष हुनुहुन्छ ।*

लेख

# जनस्वास्थ्य तथा आधारभूत जीविकोपार्जन र ग्रामीण पुनर्निर्माण

राजेन्द्र अधिकारी
परियोजना संयोजक, सुर्खेत/दैलेख

विभिन्न संभावना हुँदाहुदै पनि भौगोलिक विविधता, सामाजिक सांस्कृतिक परम्परावादी मूल्य र मान्यतामा विश्वास, भौतिक पूर्वाधारको कमी जस्ता विभिन्न समस्याको कारण विकासमा पछाडि परेका नेपालका धेरै जिल्लाहरूमध्ये मध्यपश्चिमाञ्चल क्षेत्रको सुर्खेत र दैलेख जिल्ला पनि पर्दछन् । भौगोलिक विविधता, परम्परागत कृषि प्रणाली, उत्पादित वस्तुहरूको उपयुक्त बजारको अभाव, शिक्षित तथा आर्थिक रुपले सवल व्यक्तिहरू पलायन हुनु, बैकल्पिक रोजगारको खोजीमा भारततिर जानु र फर्केर आउँदा एच.आइ.भी./एड्स जस्तो घातक रोग लिएर आउनु आदि यहाँका विकासका संभावनाका केही चुनौतीहरू हुन् ।

स्थापनाकालदेखि नै नेपालको ग्रामीण विकासको निम्ति अथक प्रयास गर्दै आएको नेपाल ग्रामीण पुर्ननिर्माण संस्था (आरआरएन) द्वारा हाल अक्सफाम जी.बी. नेपालको सहयोगमा "जनस्वास्थ्य तथा आधारभूत जीविकोपार्जन सहयोग कार्यक्रम" संचालन भैरहेको छ । सुर्खेतको कल्याण, पाम्का र गर्पन, दैलेखको कट्टी, वडाभैरब र रावतकोट गरी जम्मा ६ वटा गा.वि.स.हरूमा यो कार्यक्रम साउनदेखि बैसाखसम्म जम्मा ९ महिना परीक्षण परियोजनाको रूपमा संचालन भएको छ । द्वन्द्वको अवस्थामा चपेटिएको यी गाविसहरूमा कुनै पनि संघ-संस्थाहरूको उपस्थिति नभएको अवस्थामा त्यस क्षेत्रका जनताले आरआरएनको सहयोगमा यस्तो कार्यक्रम गर्न पाउदा यस संस्थाप्रति आभारी भएका छन् । यस कार्यक्रम अन्तरगत आर.आर.एन. को सहयोगमा ती गाविस का जनताहरूले निम्न कार्यहरू गरेका छन्:

१. खानेपानी निर्माण
२. सामुदायिक सरसफाई
३. विद्यालय स्वास्थ्य र सरसफाई
४. जीवीकोपार्जन र आयआर्जन
५. एच.आइ.भी./एड्स र प्रजनन स्वास्थ्य सम्बन्धी सचेतना

## १. खानेपानी निर्माण

आरआरएनले ग्रामीण भेगका जनतालाई पिउने पानीको समस्या समाधान होस् भन्ने उद्देश्यले दैलेखको कट्टी, वडाभैरव र सुर्खेतको कल्याण र गर्पनमा ठूला साना गरी ७ वटा योजना निर्माणमा सहयोग पुऱ्याएको छ । यी योजनाहरूबाट जम्मा १७३ घर धुरी लाभान्वित भएका छन् । योजनाको दिगोपनका लागि आगामी दिनमा कसरी मर्मत र व्यवस्थापन गरी आफैले संचालन गर्न सकिन्छ, भन्ने विषयमा उपभोक्ताहरूलाई तालिम समेत उपलब्ध गराएको छ ।

## २. सामुदायिक सरसफाई

स्वास्थ्य र सफा ग्रामीण समाजको निर्माण गर्ने उद्देश्यले ती गाविसका लक्षित वर्गहरूलाई सामुदा( यिक सरसफाई, कार्यक्रम अन्तरगत सरसफाई किन, कसरी र यसको महत्व के भन्ने विषयमा सचेत गराउन व्यक्तिगत सरसफाई दुषित पानीबाट सर्ने रोग आदि सम्बन्धी सचेतनामूलक तालिमहरू उपलब्ध गराएको छ । जनचेतना बिनाको दिगो ग्रामीण विकास संभव छैन भन्न कुरालाई मनन गरी सर्वप्रथमत सचेतनामुलक तालिमहरू उपलब्ध गराईएको हो । यस अन्तरगत संस्थाको अनुदान सहयोगबाट ९ महिनाको परीक्षणको चरणमा मा १८८ घरधुरीको लागि शौचालयहरू बनेका छन् ।

त्यस्तैगरी समुदाय आफैले आफ्नो समस्या समधान गर्न सक्छन् भन्ने अवधारणा (CLTS approach) बाट उत्प्रेरित भई कार्यक्रम लागु भएका समुदायमा कच्ची शौचालय निर्माण गर्ने अभियान नै चल्यो परिणामस्वरुप कार्यक्रम लागुभएको प्रायः धेरैजसो घरधुरीहरूमा शौचालय निर्माण भयो र प्रयोग गर्ने बानी बस्यो ।

## ३. विद्यालय सरसफाई

जबसम्म विद्यालयको वातावरण सफा हुदैन तबसम्म बालबालिकाहरूको सिकाईको गुणस्तर राम्रो हुदैन । त्यसले गर्दा बालबालिकाको व्यक्तिगत सरसफाई राम्रो हुनुपर्छ । विद्यालयको वातावरण पनि राम्रो हुनु पर्छ भन्ने यसको मूख्य आशय हो । शौचालय निर्माणबाट प्रत्यक्ष रूपमा २०९३ जना विद्यार्थीहरू लाभान्वित भएका छन् । यस अन्तरगत १० वटा विद्यालयहरूमा छात्र र छात्राको लागि छुट्टा छुट्टै शौचालय निर्माणको लागि सहयोग गरेको छ ।

विद्यालयमा स्वस्थ्य र सरसफाई कक्षासम्बन्धी परम्परा बसाउन संस्थाका स्वास्थ्य कार्यकर्ताहरूले १७ वटा विद्यालयमा कक्षा संचालन गरेका थिए । र यसलाई भविष्यका दिनहरूमा पनि निरन्तर रूपमा लैजान सम्बन्धित विद्यालयहरूका शिक्षकहरूलाई तालिम पनि उपलब्ध गराएको छ ।

## ४. प्रजनन् स्वास्थ्य र एच.आई.भी./एड्स सम्बन्धी सचेतना

ग्रामीण महिलाहरूको माभ्रमा देखापरेको प्रजनन स्वास्थ्यसम्बन्धी समस्यालाई बाहिर नल्याई लुकाएर राखिन्छ । जसको कारण अविकसित देशहरूमा कैयौ महिलाहरूको ज्यान गएको पाइन्छ । त्यसले गर्दा यस्तो समस्यालाई समाधानको लागि बाहिर ल्याइनु पर्छ । जसको लागि महिला पुरुष दुबै सचेत हुनुपर्छ भन्ने उद्देश्यले जम्मा ४० जना ग्रामिण सहभागीहरूलाई यस्तो सचेतनामूलक तालिम उपलब्ध गराइको छ । त्यस्तै गरेर साथी शिक्षक मार्फत ग्रामीण भेगका बिशेष गरी किशोर किशोरीहरूमा एच.आइ.भी./एड्स र सरुवा यौन रोगहरू संबन्धित सचेत गराउने उद्देश्यले २० जना स्थानीय साथी शिक्षकहरूलाई सो सम्बन्धी तालिम उपलब्ध गराई कार्यक्रम लागु भएको समुदायहरूमा किशोर-किशोरी ल्कब गठन गरी त्यस्तो चेतना फैलाउने काम गरेको छ ।

## ५. जीविकोपार्जन र आयआर्जनमा सहयोग

ग्रामीण क्षेत्रका गरीब तथा विपन्न वर्गको आयआर्जनमा वृद्धि भई दैनिक जीविकोपार्जनमा केही हदसम्म भएपनि सहयोग पुगोस् भन्ने उद्देश्यले लक्षित समुदायलाई समूहमा आबद्ध गराई बचत तथा ऋण, समूह, कोष परिचालन सम्बन्धी तालिमहरू संचालन गरिएको थियो । यसरी दक्ष भएपछि संस्थाको तर्फबाट केही बीऊ पुँजी सहयोग गरिएको छ, जम्मा ४७ समूहको ११८९ घर धुरीलाई संस्थाले बीउपुँजी सहयोग गरेको छ । उक्त समूह कोष बाट ऋण लिएर सदस्यहरूले स्थानीय बजार माग र वातावरण अनुसारको व्यवसायहरू संचालन गरीएका छन् । त्यसैगरी समूहका सदस्यहरूलाई विभिन्न सीपमूलक तालिमहरू जस्तै मौसमी बेमौसमी तरकरी खेती बाखापालन सम्बन्धी तालिमहरू उपलब्ध गराईएको छ, जम्मा ९१ जना सहभागीले उक्त तालिम लिएका छन् । स्थानीय स्रोतको परिचालन गरी ग्रामीण जनताको आयआर्जनमा बृद्धि होस् भन्ने उद्देश्यले लोकताबाट नेपाली कागज बनाउने मेशिन २ थान र बाबियोबाट डोरी बाट्ने मेशिन ४ थान सहयोग भएको छ ।

भौगोलिक तथा सामाजिक, आर्थिक विविधता रहेको यी जिल्लाहरूमा रहेका थुप्रै गैरसरकारी संस्था र अ/गैरसरकारी संस्थाहरू र जिल्लाको विकासमा जिम्मेवारी निकाय सरकारी कार्यालयहरू बीच राम्रो समन्वय गरी अगाडि बढ्ने हो भने र ग्रामीण जनताको भावना अनुकुलको कार्यक्रम गर्ने हो भने सामाजिक रुपान्तरण चाँडै नै हुन सक्छ । परम्परागत मूल्य र मान्यताका कारण चाँडो परिवर्तनमा बाधा पुग्नु स्वभाविक हो । तर सामाजिक सचेतनाका साथै भौतिक पूर्वाधारहरू निर्माणको कार्यक्रमहरू एकैसाथ लैजानु पर्दछ, तब मात्र दिगो ग्रामीण विकास सम्भव छ ।

# वीऊ-पुँजी कार्यक्रम र प्रभाव

भानु पराजुली
जिल्ला संयोजक आरआरएन, कञ्चनपुर

## उद्यम्शीलताले ल्यायो परिवर्तन

ग्रामीण गरिबीका समस्याहरू समाधान गर्न उद्यमशीलताले महत्वपूर्ण भूमिका खेल्न सक्छ चाहे त्यो सानो बीऊ पुँजी नै किन नहोस् । किस्ताबन्दीमा फिर्ता गर्ने गरी लिइएको त्यो ऋण पुँजीले घरव्यवहार र खर्च टार्न सक्दो रहेछ भन्ने देखाएको छ । नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)को ग्रामीण सामुदायिक पूर्वाधार तथा जीविकोपार्जन सहयोग कार्यक्रम अन्तर्गत कञ्चनपुर जिल्लामा संचालित कार्यक्रममा रोजगारमूलक तालिम (Vocational training) र परम्परागत सीप भएका गरीब, दलित तथा जनजाति गरी दुई समुहमा २४ जनालाई उक्त वीऊ-पुँजी दिइएको थियो ।

ग्रामीण समुदायका गरीब, दलित तथा मुक्त कमैयाहरूमा तालिम नलिने कमै भेटिन्छन् । तर, प्राप्त तालिम अनुरुप उनीहरूले व्यवसाय संचालन गर्न नसकेको उदाहरण प्रशस्त भेटिन्छ । यस्तै मध्येका उद्यम गर्न नसकेकाहरूलाई पहिचान गरी सो ऋण सहयोग गर्ने काम आरआरएनले गरेको थियो । कतिपय आरआरएनबाट तालिम प्राप्त छन् भने कतिपय जातिगत सीप र अन्य संस्थाबाट तालिम प्राप्त गरेका छन् । प्रायः सबैले आफ्नो किस्ता चुक्ता गरेका छन् भने बाँकीले तिर्ने योजना बनाइरहेका छन् ।

वीऊ-पुँजीको सही सदुपयोग गर्दै आफ्नो व्यवसाय संचालन गरी राम्रो आम्दानी गर्दै जीवनस्तरमा सुधार ल्याउन सकिन्छ भन्ने उदाहरण बनेका छन् १४ वर्षीय कृष्णपुर गाविसका पवित्रावस्तीका दिनेश विक ।

जितबहादुरका जेठो छोरा उनको घरमा ७ जनाको परिवार छ । लालपूर्जा नभएको रुखोसुखो ३ कट्ठा जग्गाले यत्रो परिवारको जीविकोपार्जनमा सहयोग गर्न सक्दैन र गरेको छैन पनि । ३७ बर्षका उनका बाबु जितबहादुर बिक भारतमा चौकीदारी गरी कमाएकोले उनको घरको छाक टार्न धौधौ पर्दथ्यो । निःशुल्क शिक्षाको प्रावधान भए पनि स्कूलमा भर्ना र जाँच फिस लाग्ने प्रचलन गाउँका विद्यालयहरूमा कायमै रहेको छ । गरिबीका कारण बाबुको मुग्लानको कमाईले पढाइ गर्न नसकेर कक्षा ३ पढ्दै गर्दा उनीले स्कुल छाडे । बाल उमेरमा खेल्ने र पढ्ने चाहना हुदाहुँदै उनी एक साइकल मर्मत् सेन्टरमा बिना तलबमा ६ महिना काम गरे । उनको त्यो निःशुल्क सेवा आखिरीमा सीपमा परिवर्तन भएर आयो । उनले साइकल मर्मत् गर्न राम्रोसँग जान्ने भए ।

सीप सिकेपछि पनि कति बिनाज्यालामा काम गर्ने उनको मनले मानेन । तर, समस्या थियो पुँजीको । उनी आफ्नै एक साइकल मर्मत पसल खोल्न चाहन्थे । संजोगबस आरआरएनले उनको वस्तीमा विद्यालय, सिंचाई र वीऊ पुँजी सहयोग कार्यक्रम गर्ने योजना बनाएको उनले थाहा पाए । सबै प्रक्रिया पुराएर उनले आरआरएनमा समूहको सिफारिससहित निवेदन दिए । फलस्वरुप उनले उक्त ऋण सहयोग पाए र आज आत्मनिर्भर भएका छन् । उसो त उनको बाबु त्यही पसलमा उनलाई सहयोग गर्ने गर्दछन् । भारत जान छाडेको ६ महिना भयो, उनका बाबु जितबहादुर बन्छन् । हाल कैलालीको मालाखेती गाउँको सानो बजारमा साईकल मर्मत् पसल छ । दुबै बाबुछोरा पसलमा व्यस्त छन् । आम्दानी पनि छ, काम पनि । अब पढ्ने बीचार छैन त भन्दा उनी भन्छन् - अब मैले पढ्नु भन्दा भाई-बहिनीलाई पढाउनु छ । सामान्य

punarnirman7-joint.qxd 05/11/2007 12:07 Page 11





दिनेशको पसलमा ग्राहकको भिंडसँगै उनका बाबुले काममा हात पटाएका छन् ।

लेखपढ गर्न जानेकै छु भैहाल्यो नि । मैले काम नगर्ने हो भने खाना खर्च र भाई-बैनीको पढाई बिग्रिन्छ, अति नै जिम्मेवार भाषामा उनले जवाफ दिए ।

सुरुमा आरआरएनबाट रु. ५०००।- लिएर सोसँग बाबुको कमाई र ऋण रु. ३०००।- थपेर रु. ८०००।- लगानी गरी उनले साईकल मर्मत् पसल खोले । हाल उनको पसल राम्रोसँग संचालनमा छ । सानो खोकाबाट सुरु भएको उनको पसलको अहिलेको मूल्य रु. ३०,००० । को बनेको छ । ट्यूब टायर, मर्मत् सामग्रीहरू प्रशस्तै देखाउँदै उनले भने । अर्काको घरमा पसल थापेका उनले प्रतिमहिना रु. ३००।- भाडा तिर्छन् । दैनिक ३ सयदेखि कहिलेकाहीं ५ सयसम्म आम्दानी हुने कुरा उनका बाबु भन्दै थिए । कहिलेकाहीं ट्यूब टायर र अन्य महँगो सामान फेर्ने ग्राहक आए भने राम्रै आम्दानी हुन्छ । नजिकैको अत्तरिया बजारबाट फेरफार गर्ने सामग्री ल्याउने उनले कमाएको आम्दानीले आफ्नो गाउँमा अर्को खोकामा पाँच हजार लगानी गरी गाउँका अरुलाई भाडामा लगाएका छन् । बेलाबेला त्यहाँ आई रेखदेख, जाँचबुझ गर्ने पनि गर्दछन् । आफुमात्रै होइन अरुलाई पनि रोजगारी दिने बनेका छन् उनी । उनले त्यो सानो खोकाको भाडा रु. १०० प्रति महिना लिने गर्दछन् । खाना खाने फुर्सद पनि हुँदैन, आमाले खाना पसलमै ल्याइदिन्छिन् भन्दै थिए । 'मैले पनि छोरासँग साइकल बनाउन सिक्दैछु सानो र सजिलो काम म गर्छु, ठूलो तथा गाह्रो काम छोराले गर्छ ।' बाबु भन्दै थिए । सँधै उनको पसलमा भिंड लाग्ने गर्छ । राम्रो सेवा दिन्छु त्यसैले होला उनी भन्छन् । मेरो इच्छा भनेको आफु पढ्न नपाए पनि भाई-बैनीलाई मेहनत गरेर पढाउछु ।'

आरआरएनका प्रकाशनहरू यसको वेबसाइटमा पनि उपलब्ध छन् ।
www.rrn.org.np

punarnirman7-joint.qxd 05/11/2007 12:07 Page 12



# नेपालको अन्तरिम संविधान २०६३ मा भएको महिलासम्बन्धी सकारात्मक व्यवस्थाहरू

- लक्ष्मी कार्की
कानुन अधिकृत, आरआरएन

नेपाली महिलाहरूले अन्याय र विभेदको भुमरीमा आफ्नो जीवन व्यतीत गर्दै आइरहेका छन् । यस किसिमको विभेद र अन्यायपूर्ण परिस्थिति केवल महिलाको लागि मात्र बाधक नभई राष्ट्र विकासकै बाधकको रूपमा रहेको कुरालाई मनन गर्दै जनआन्दोलन-२ पश्चात् २०६३ जेठ १६ गते संसदबाट संपूर्ण विभेदजन्य कानुनहरू खारेज गर्ने भनी घोषणा भए अनुरुप **लैंगिक समानता कायम गर्न केही नेपाल ऐन संसोधन गर्न बनेको ऐन २०६३,** प्रतिनिधिसभाबाट २०६४ कार्तिक १७ गते पारित भई लागू भइसकेकोछ । यसका साथै जनआन्दोलन २ को माध्यमबाट नेपाली जनताले अभिव्यक्त गरेको भावना र मागलाई मूर्त रुप प्रदान गर्न संविधानसभाको चुनावमार्फत राज्यको पुनर्संरचना गर्दै नेपाली समाजमा विद्यमान सबैप्रकारका विभेदहरूको अन्त्य गर्नेतर्फ मुलुक अहिले अग्रसर रहेको छ । संविधानसभाको चुनावबाट बन्ने नयाँ संविधान निर्माणपूर्वको संक्रमणकालीन संविधानको रूपमा रहेको नेपालको अन्तरिम संविधान २०६३ मा पनि महिलासम्बन्धी विषयहरूलाई स्पष्ट रूपमा समावेश गरिएको छ । महिला हक र समानताका सम्बन्धमा अन्तरिम संविधान २०६३ मा गरिएका व्यवस्थाहरूलाई संक्षेपमा यसरी उल्लेख गर्न सकिन्छ:

**लैंगिक समस्याको समाधान गर्न प्रस्तावनामा व्यवस्था**

वर्तमान अवस्थामा भोग्न परेका लैंगिक विभेदको समस्यालाई महत्वपूर्ण समस्याको रूपमा स्वीकार गरी अन्तरिम संविधान २०६३ ले देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय तथा लैंगिक समस्याहरूलाई समाधान गर्न राज्यको अग्रगामी पुनर्संरचना गर्ने संकल्प संविधानको प्रस्तावनामा नै स्पष्ट उल्लेख गरिएको छ ।

**नागरिकतासम्बन्धी व्यवस्था**

यस संविधानले आमाको नामबाट छोरा- छोरीहरूलाई नागरिकता प्रदान गर्ने अधिकारलाई सुस्पष्ट व्यवस्था गरेको छ । कुनै पनि व्यक्तिको जन्म हुँदाको बखत निजको बाबु वा आमा नेपाली रहेछ र नेपाल सरहदभित्र फेला परेका आमा-बाबुको ठेगान नभएका प्रत्येक नाबालक निजको बाबु वा आमा फेला नपरेसम्म बशजको आधारमा नेपाली नागरिक ठहर्ने छ भन्ने व्यवस्था गरी छोरा-छोरीलाई आमाको नामबाट नागरिकता दिन सकिने व्यवस्था गरिएको छ । त्यस्तै गरेर नेपाली महिला नागरिकले विदेशी पुरुषसँग विवाह गरी निजबाट जन्म भएको छोरा-छोरीको हकमा नेपालमा जन्म भई नेपालमा नै स्थायी बसोबास गरी आएको र निजले बाबुको देशको नागरिकता प्राप्त नगरेको अवस्थामा आमाको नामबाट अंगिकृत नागरिकता पाउने व्यवस्था समेत गरेको छ ।

**महिलाको हक (धारा (२०)**

अन्तरिम संविधानले महिलाको हकलाई मौलिक हकको रूपमा समेटेको यो पहिलो घटना नै मान्नु पर्छ, जसमा निम्न कुराहरू समेटिएका छन्:

- महिला भएकै कारणबाट कुनै पनि किसिमको विभेद नगरिने
- प्रजनन् स्वास्थ्य तथा प्रजननसम्बन्धी हक
- महिलाविरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गर्न प्रतिबन्ध लगाई त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुने ।
- पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान हक

**समानताको हक (धारा १३)**

कानुनको दृष्टिमा सबै नागरिक समान हुनेछन् । कसैलाई पनि कानुनको समान संरक्षणबाट बञ्चित गरिने छैन ।

punarnirman7-joint.qxd 05/11/2007 12:07 Page 13



महिलाको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सक्ने व्यवस्था समेत गरेको छ ।

**अविभेदको हक** (धारा २०)

सामान्य कानुनको प्रयोग गर्दा कुनै पनि नागरिकमाथि लिंगको आधारमा भेदभाव गरिने छैन ।

**रोजगारी तथा सामाजिक सुरक्षासम्वन्धी हक** (धारा १८)

महिलालाई कानुनमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षाको हक हुने व्यवस्था धारा १८ मा गरिएको छ ।

**सामाजिक न्यायको हक** (धारा २१)

आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक प्रत्याभूत गरेको छ ।

**शोषण विरुद्धको हक** (धारा २९)

प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक प्रत्याभूत गर्दै प्रथा, परम्परा र प्रचलनको नाममा वा कुनै पनि किसिमले शोषण गर्न नपाइने, मानिसलाई बेचबिखन गर्न, दास वा बाँधा बनाउन नपाइने र कसैलाई पनि निजको इच्छाविरुद्ध काममा लगाउन नपाइने व्यवस्था गरेको छ ।

**राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरू (धारा ३३, ३४र ३५)**

लैंगिक भेदभाव अन्त्य गर्दै महिलाको समस्याहरूलाई सम्बोधन गर्न राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनर्संरचना गर्ने, देशमा उपलब्ध आर्थिक स्रोत र साधनलाई सीमित व्यक्तिहरूमा केन्द्रित हुन नदिई सामाजिक न्यायको आधारमा आर्थिक उपलब्धीको न्यायोचित वितरणको व्यवस्था मिलाई आर्थिक समानता कायम गर्ने, महिला वर्गको शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा अधिकाधिक सहभागी बनाउने, राज्यले एकल महिलाको संरक्षण र उन्नतिका लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने, बेरोजगार महिलालाई कानुनमा व्यवस्था गरी भत्ता दिने नीति राज्यले अवलम्बन गर्ने कुरा स्पष्ट रूपमा उल्लेख गरेको छ ।

**राजनैतिक दलहरूले महिलाको समानुपातिक प्रतिनिधित्व गराउनु पर्ने** (धारा ६३ (४), (५)

राजनीतिक दलहरूले संविधानसभाको लागि उम्मेदवार चयन गर्दा समावेशी सिद्धान्तलाई ध्यान दिनुपर्ने र उम्मेदवारहरूको सूचीकृत गर्दा महिला, दलित, उत्पीडित जाति र आदिवासी जनजाति, पिछडिएको क्षेत्र, मधेसी लगायत अन्य वर्ग समेतको कानुनमा व्यवस्था भए बमोजिम समानुपातिक प्रतिनिधित्व गराउनु पर्ने छ । साथै महिलाको हकमा समानुपातिक प्रतिनिधित्वमा हुने संख्यामा दिइने उम्मेदवारीको संख्या जोडेर उक्त संख्यामा न्यूनतम एक तिहाई उम्मेदवारी दिनुपर्ने छ ।

**राष्ट्रिय मानवअधिकार आयोगमा महिला प्रतिनिधित्व हुने (धारा १३१ (१)**

राष्ट्रिय मानवअधिकार आयोगको अध्यक्ष र सदस्यको नियूक्ती गर्दा महिला सहित विविधता कायम गर्नु पर्ने व्यवस्था गरिएको छ ।

**राज्यको अग्रगामी पुनर्संरचनामा महिला समावेश (धारा १३८ (१)**

वर्गीय, जातीय, भाषिक, लैंगिक, सांस्कृतिक धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्न राज्यको केन्द्रिकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुर्नसंरचना गर्नुपर्ने व्यवस्था गरिएको छ ।

**महिला आयोग गठन** (१५४)

नेपाल सरकारले महिलाको हक हितको संरक्षण र प्रबर्द्धन गर्न आवश्यक आयोग गठन गर्न सक्नेछ । त्यस्तो आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था कानुनद्वारा निर्धारण भए बमोजिम हुने व्यवस्था गरिएकोछ ।

उपरोक्त बमोजिम उल्लेख भएअनुसार महिला अधिकारको पक्षमा धेरै सकारात्मक व्यवस्थाहरू भएको देखिन्छ । यसलाई व्यवहारिक रूपमा साकार बनाउन

# कृषि गड्यौला मल

डा. सूर्यलक्ष्मी मास्के

नेपालमा परापूर्व कालदेखि नै प्राङ्गारिक कम्पोष्ट मल प्रयोग गर्ने प्रचलन हुँदै आएको छ। हाल आएर गाईवस्तुको कमी तथा रसायनिक मलको आयात तथा प्रयोगबाट यसको प्रयोगमा कमी हुँदै आएको छ। त्यसबाहेक यो मल बनाउने तरिका तथा प्रयोग गर्ने तरिका अवैज्ञानिक भएको हुनाले यसको गुणस्तरमा कमी र यसबाट माटोमा रोग, किरा, घाँसपातको प्रकोप पनि बढी हुने हुनाले यसबाट हुनुपर्ने फाइदा लिन सकिएको छैन।

कम्पोष्ट मल राम्ररी कुहाएर प्रयोग गरेको खण्डमा यसको गुणस्तरको पनि बृद्धि हुने तथा यसबाट रोग कीराको प्रकोप समेत कम हुन्छ। यसवाहेक कम्पोष्ट मल सुधार गर्ने विभिन्न तरिका मध्ये गड्यौलाको प्रयोग एक मुख्य तरिका हो। गड्यौलाको प्रयोगबाट विभिन्न प्रकारको सामग्री राम्ररी गल्न गई एक उच्चकोटीको मल तयार हुन्छ।

साधारणतया गड्यौली मल बनाउन २ प्रकारका गड्यौलाको प्रयोग हुन्छः

- रातो गड्यौला (Liseria foelda)
- धर्के गड्यौला (Lumbricus rubellus)

यी गड्यौलाहरूले विभिन्न प्रकारका सामग्रीहरू आफ्नो पाचनक्रियाबाट उच्च गुणस्तरका पाकेको मल तयार गर्दछ। यसकारण गड्यौली मलमा उच्चस्तरको गड्यौलाबाट प्राप्त मल, प्रयोग गरिएका सामग्रीहरू विभिन्न काम लाग्ने सूक्ष्मजीवहरू पनि पाइन्छ। यसरी गड्यौली मलमा साधारण मलभन्दा ५ देखि ११ गुणा वढी नाइट्रोजन, फोस्फोरस तथा पोटास पाइन्छ र यी तत्वहरू बोटविरुवाहरूले सजिलैसँग प्राप्त गर्न सक्दछन्। यसरी तयार गरिएको गड्यौली मलमा दुर्गन्ध आउँदैन र यसलाई फुलबारी गमला तथा विभिन्न बालीनालीमा प्रयोग गर्न सकिन्छ।

साधारणतया गड्यौली मल बाकस (Worm Bin) मा बनाइन्छ, यस्तो बाकस काठ, प्लास्टीक वा पुरानो माटोको भाडाँबाट बनाउन सकिन्छ। यस्तो बाकसको लम्बाई र चौडाई सामग्री अनुसार घटबढ् गर्न सकिन्छ। तर उचाई भने ८ -१० हुनु पर्दछ, यसरी बनाइएको बाकसमा चारैतिर सानो प्वालहरू बनाउन पर्दछ। यसबाट हावाको आवत-जावत राम्रो हुनुको साथै बढी भएको पानी पनि निकास हुन्छ। यस्तो बाकसलाई अर्को भाँडोमाथि राखेको खण्डमा निकासबाट प्राप्त पानी (Compost tea) लाई पनि मलको रूपमा प्रयोग गर्न सकिन्छ। गड्यौली बाकसमा ढकनीको बन्दोवस्त गर्नुपर्दछ। यसप्रकारको बाकसलाई घरभित्र राख्न सकिन्छ। धेरै जाडो छ भने यसलाई बोरा वा परालले छोपी राख्यो भने गड्यौलालाई चिसोबाट जोगाउन सकिन्छ।

## बाकसमा राख्ने सामग्रीहरू

बाकस बनाइसकेपछि प्रयोग गर्न तथा सामग्रीहरू भने सबभन्दा लल्लो सतहमा पुरानो कागज हरू भिजाई राख्नु पर्दछ। त्यसपछि हरेक दिन फाल्ने सामाग्रीहरू जस्तो कि, भान्साका फोहरमैला, काठको धुलो, पराल, आदि सामग्री आधा पाकेको गोबर मल थोरै मात्रामा वालुवा प्रयोग गरेमा यसमा राखेको सामानहरूको pn ६.० देखि ७.० सम्म हुनु फाइदाजनक हुन्छ। यसलाई छोपेर राख्दा भिँगाहरूले फोहर गर्ने सम्भावना हुँदैन।

## गड्यौला बाकसमा हुनुपर्ने तापक्रम तथा पानीको मात्राः

गड्यौला जीवित प्राणी भएको हुनाले धेरै चिसो तथा बढी गर्मी खप्न सक्दैन। यदि बाकसको तापक्रम १५-२५ °सेल्सियस कायम भएमा गड्यौलाहरू छिटो-छिटो बृद्धि हुन्छ। हिउँद महिनामा यसलाई घरभित्र राख्नु राम्रो हुन्छ। यसको चिस्यान पनि ठिक

मात्रामा हुनु पर्दछ । वर्षात्मा यसलाई घरभित्र वा छानामा राख्नु पर्दछ । बढी पानी भएर जमेको खण्डमा गड्यौला निस्सासिएर मर्न सक्दछ । त्यसकारणले गर्दा यस गड्यौला बाकसमा पानीको निकास राम्रो हुनु अलि जरुरी छ ।

२/३ महिनासम्म सामग्रीहरू भर्दै जान सकिन्छ । बाहिरबाट राखेको सामानहरू सबै बदलिएपछि पनि नयाँ सामानहरू नराखी गड्यौला मल तयार भएको भनी यहाँ हुन्छ । गड्यौला बाकसमा तापक्रम चिस्यान ठिक्क मात्रामा भएको खण्डमा पौडी सामग्री बचाउन २ पौड गड्यौला लाई २४ घण्टासम्म लाग्न सक्दछ ।

## कम्पोष्ट मलबाट गड्यौला छुट्याउने तरिका

१. गड्यौला सहितको मल एकातिर राखी नयाँ सामग्री आधा भागमा राख्ने । यसरी गड्यौला नयाँ भाग सरेपछि पाकेको तयार भएको) मल झिक्न सकिन्छ ।

२. तारको जालीमा छिराएर पनि गड्यौला छुट्याउन सकिन्छ ।

३. तयार भएको मललाई झिकी थुप्रोमा घाममा राखी पनि गड्यौला झिक्न सकिन्छ । गड्यौला उज्यालो तथा घाममा बस्न नसकेर तलतिर जान्छ र माथिको भाग गड्यौलारहित झिक्न सकिन्छ । यसरी तलतिरको भाग जहाँ धेरै गड्यौला हुन्छ । फेरी गड्यौला बाकसमा प्रयोग गर्न सकिन्छ ।

## गड्यौला मलको गुणस्तर

यसअघि उल्लेख भएबमोजिम गड्यौला मलमा खाद्यतत्वहरू साधारण प्राङ्गारिकमाभन्दा ५८ गुणा बढी भएको पाइएको छ । विकसित देशहरूदेखि विकासशील देशहरूमा समेत यस प्रविधिको विकास गरी कृषकहरूले प्रयोग गरिरहेका छन् । यस्तै गरी सयुक्त राज्य अमेरिकामा गरिएका परीक्षणहरू र नेपालमा गरिएका परीक्षणहरूको नमूना निम्न तालिका दिइएका छन्:

**तालिका नं. १**

**नेपालमा तयार गरिएको गड्यौला मलको गुणस्तर**

| | पि. एच. | नाइट्रोजन % | फोस्फोरस % | पोटास % | प्रागरिक पदार्थ |
|---|---|---|---|---|---|
| गड्यौला मल | ६.५ | ०९३-१.०० | ०८.०९ | ४.३८ | १०-१३ |
| साधारण मल कमपोष्ट | ६.० | ०.५०- ०.६० | ०.५ | १-१.५० | ८-१० |

**तालिका नं. २**

**अमेरिका र चीन Yelm Earthworm & casting farm बाट गरिएको गड्यौला मलको गुणस्तर**

| **प्यारामिटर** | **जेन्डर कम्पोष्ट** | **भरमिक** |
|---|---|---|
| पी.एच. | ७.८० | ६.८० |
| इ.सी.एम.एम. होस/सी.एम. | ३.६० | ११.७० |
| टोटल केजेनदल नाइट्रोजन | ०.८० | १.९४ |
| निट्राट्रे नाईट्रोजन पी.पी.एम. | १५६.५० | ९०२.२० |
| फोसफोरस % | ०.३५ | ०.४७ |
| पोटासियम % | ०.४८ | ०.७० |
| क्यालसियम % | २.२७ | ४..४० |
| सोडियम % | <.०१ | ०.०२ |
| म्यागनिसियम % | ०.५७ | ०.४६ |
| आइरन पी.पी.एम. | ११६९०.०० | ७५६३.०० |
| जिन पी.पी.एम. | १२८.०० | २७८.०० |
| म्यागनिज पी.पी.एम. | ४१४.०० | ४७५.०० |
| कपर पी.पी.एम. | १७.०० | २७.०० |
| वोरन पी.पी.एम. | २५.०० | ३४.०० |
| अलमुनियम पी.पी.एम. | ७३८०० | ७०१२.०० |

punarnirman7-joint.qxd 05/11/2007 12:07 Page 16



# कमैया मुक्तिको सात वर्ष:
# उदाहरणीय बनेका मुक्तकमैया मन्त्री चौधरी

भानु पराजुली
जिल्ला संयोजक आरआरएन, कन्चनपुर )

तत्कालीन नेपाल सरकारले वि.सं. २०५७ श्रावण २ गते मध्य-पश्चिम र सुदुर-पश्चिमका ५ जिल्लामा वर्षौंदेखिको जमिन्दारी शोषणको पराकाष्ठाका रूपमा ऋण-बन्धक रहेका कमैया परिवारहरूलाई ऋणमोचनसहित कमैया प्रथाको अन्त्य भएको घोषणा गरेको थियो ।

तत्कालीन अवस्थामा सरकारले गहकिलो गृहकार्य नै नगरी गरिएको मुक्ति घोषणाले धेरै आलोचना बेहोरेको थियो । जमिन्दारको जमिनमा वर्षौंदेखि जोत गरिरहेका कमैयाहरूलाई भूमिसुधारको मोडेल अन्तर्गत राखी हदबन्दी तोकी कडाईका साथ उब्रेको जग्गा उनै कमैयालाई वितरण गरेको भए, आफ्नो स्वामित्व र बढी कमाउन चाहनेले अधियामा साहुको जमिन पनि जोतभोग गर्न पाउने थिए, आज जस्तो जमिन बाँझो रहने समस्या आउने थिएन, कमैयाहरू साविक जमिन्दारकोमा परिवर्तित सस्कारमा रहने थिए र सायद यतिका बेलासम्म एउटा सामाजिक परिवर्तनको रेखा कोरिइसकेको हुने थियो । तर यी कुराप्रति न सरकारी पक्षले कहिल्यै सोच्यो न जमिन्दारहरूले नै । सशस्त्र द्वन्द्वसँगै गाउँबाट जमिन्दारहरू भागेका थिए । कतिपय जमिन यद्यपि बाँझो छ, उत्पादनमा कमी आएको छ । खाद्यान्न आपूर्तिमा निर्भर रहनु परेको छ, यद्यपि यी जिल्ला खाद्यान्न उत्पादनका दृष्टिले नेपालका सबै जनतालाई पाल्ने खाद्य उत्पादन गर्न सक्ने सामर्थ्य राख्दछन् ।

सामन्ती दासताबाट उन्मुक्ति पाएर जमिन्दारको आगन छेउमै रहने गरेका आफ्ना बुक्राहरूबाट



आरआरएनको सहयोगका ढिकीपम्पहरू जडान गर्दै र समुदायलाई मर्मतसम्भारको तालिम दिँदै मन्त्री चौधरी

मुक्तिको रंगीन सपना पालेर बाहिरिएका उनीहरूको आकांक्षा र सपनाहरूको सम्मान अझै भएको छैन । अहिलेसम्म हजारौको संख्यामा रहेका मुक्त कमैयाहरू केवल परिचय-पत्र हेरेर मात्र दिन बिताई रहेकाछन । सशस्त्र द्वन्द्वको सिकार पनि उनै भए भने सबैले उपयोग गर्ने बस्तुका रूपमा उनीहरूलाई लिइयो । अझै कयौं मुक्त कमैयाहरू अनिश्चित भविष्य, असुरक्षित एवं जोखिमपूर्ण अवस्थामा छन् ।

यतिधेरै समस्याका बाबजुद् केही कमैयाहरू उदाहरणीय पनि बनेका छन् । यस्तै मध्येका एक हुन् मन्त्री चौधरी । मन्त्री चौधरी ४८ बर्षको बाणि मुक्त कमैया शिविर कन्चनपुरका अध्यक्ष हुन् ।

उनको ५ जनाको परिवार छ । उनी एउटा सक्रिय सामाजिक कार्यकर्ता हुन् । उनी आफ्नो शिविरको लागि रात दिन लागी पर्दछन् । उनी कमैया आन्दोलनदखि हालसम्म बाणी मुक्त कमैया शिविरका हरेक विकासको काममा नेता भएर काम गरिरहेका छन् । बाटो निर्माण, कल्भर्ट निर्माण र ६० लाखको तटबन्धनमा पनि अध्यक्ष भएर सम्पन्न गरे । उनको अगुवाइमा नै बि.डब्लु.वि. ले श्री बाल कल्याण प्राथमिक विद्यालयको ६ कोठाको भवन निर्माण भयो । कमैयाका ३ सय भन्दा बढी केटाकेटीलाई बाहिर पढ्न जानु परेन ।



ढिकीपम्पबाट सिंचाई गर्दै एक किसान महिला

उनी भूमिसुधार कार्यालयले गठन गरेको २२ वटा कमैयाको समितीहरूको मूल समितिका अध्यक्ष हुन् । महाकाली सामुदायिक वन र गोलाबारी सामुदायिक वनको सदस्य भए । तिनै सामुदायिक वनको गैरकाष्ट वन पैदावार जडीबुटीको संयोजक भएर काम गरिरहेका छन् । उनी संयोजक भएको गैरकाष्ट वन पैदावार जरिवुटिको श्री गोलाबारी सामुदायिक वनले नर्सरी उत्पादन गरेर रु ५,००,०००।- आम्दानी गरेको छ । जहाँ पश्चिम तराई भूपरिधि (ताल) र समुदायको लागि बातावरण मञ्चले काम गरेको छ ।

उनी आफ्नो वितेको कथा यसरी पोख्छन्, म दाङ्को ढिकपुर गाविसमा जन्मिएको हुँ । मेरी आमा सानैमा बित्नुभयो र मेरो बुवा १० वर्ष हुँदा वित्नुभयो । म धेरै वर्ष कमैया बसें र धेरै दुख गरे । पहिलो पटक कैलाली पवेरा गाविस वार्ड न.२ मा आफ्नै भेना महादेब चौधरीको घरमा १२ वर्षसम्म ६० किलो धान छर्ने र त्यसको उत्पादन खाने सर्तमा बसें । तत्कालीन माघी चाडसँगै दोस्रो पटक त्यही गाविसको उही गाउँमा कबीराम चौधरीको घरमा २ वर्ष कमैया बसे । तेस्रो पटक त्यही गाउँमा जनार्दन चौधरीको घरमा २ बर्ष कमैया बसें । चौथो पटक कैलालीको रतनपुर गाविस वडा न. ३ का टेकलाल चौधरीको घरमा ३ वर्ष ६० किलो धानको वीऊ छर्ने र मुसुरो ६ क्वीन्टल दिने सर्तमा कमैया बसें । पाँचौ पटक कञ्चनपुर, रामपुरविलासपुरमा धनसिंह चन्दको घरमा ६ वर्ष ६ क्वीटल धान र २००० रुपैया दिने सर्तमा कमैया बसें । छैटौ पटक वाणी कृष्णपुर गाविस लोकबहादुर देउबाको घरमा २०४६ सालदेखि २०५३ सालसम्म जम्मा सात वर्ष चार हजार रुपैया ७ क्वीटल धान दिने सर्तमा कमैया बसें । त्यहाँ बस्दा ४ विघा जति ऐलानी जग्गा जोत्ने र त्यसको वदलामा १२ कट्ठा जग्गा दिने सर्तमा सात वर्ष जोतें । पछि जग्गा राम्रो भएपछि १ कट्ठा मात्र दिने भयो त्यस पछि तेरो जग्गा चाहिदैन भनी ब्याजमा ऋण खोजेर सौकी तिरी कमैया बस्न छोडें ।

अलिअलि काठको काम जानेका कारण मिस्त्री काम गर्न सुरु गरें । कामको सिलसिलामा देखतभुलीमा दाई श्री बोम्फुराम चौधरीकोको घरमा डेरा लिएर मिस्त्री काम गर्न सुरु गरें । मिस्त्रीको काम गरेर खान लाउन पुग्थ्यो । काम नभएको बेला खाली बस्नु पर्थ्यो ।

२०५७ साल श्रावण २ गते कमैया मुक्त भएको घोषणा भएपछि हामी बाणी शिविरमा बस्न सुरु गर्‍यौं । सबै कमैया मिलेर १८७ परिवारले १०-१० कट्ठा जग्गा ओगटेर बसेका थियौं । पछि परिचय-पत्र दिने बेला मालपोत कार्यालयले ५-५ कट्ठाको कित्ता काट गरी लालपूर्जा वितरण गर्‍यो ।

बाणी शिविरमा IDE Nepal ले ६० वटा ढिकीपम्प किस्ताबन्दी रूपमा चुक्ता गर्ने गरी सहयोग गऱ्यो । सबैले तरकारी खेती गरी चुक्ता गऱ्यौं । त्यस बेला तरकारी खेतीमा पहिलो म नै थिए । पछि श्रीमती बितेपछि आफु सामाजिक काममा बाहिर हिंड्नु पर्ने र घरमा काम गर्ने मान्छे नभएकोले हाल तरकारी खेती गर्न सकेको छैन । एउटा बुहारी पनि साइकल बनाउने तालिम दिन यताउता जाने गर्छिन् । गिट्टी छान्ने काम गर्छ ।

म सहित ९ जनालाई ढिकी पम्प बनाउन IDE Nepal तालिम दियो र मिस्त्रीको परिचयपत्र बनाइदियो ।

सेप्सको कार्यक्रममा म गाउँको नेता र २ बर्ष प्रति महिना १५००।- को दरले काम गरे । आफ्नै आम्दानीले खानेपानी हेण्डपम्प राखेको छु । हामी ५४८ कमैया परिवारलाई ४८ वटा बोरिङ्ग पश्चिम तराइ गरिवी निवारण संस्थाले प्रदान गरेको छ । मैले ढिकी पम्प मिस्त्री काम सिकेपछि काठको मिस्त्री काम गर्न छोडें । गाउँमै ७०-८० वटा नल्का जडान गरे । हालसम्म ५०० भन्दा वढि नल्का जडान गरेँ हुँला । ढिकीपम्प जडान गर्न कैलाली गेटासम्म गए, जिल्ला कृषि विकास कार्यालयमा पनि ढिकी पम्प गाडें ।

भर्खरै नेपाल ग्रामीण पुनर्निर्माण संस्थाबाट पवित्र(ाबस्ती कृष्णपुर र जानकी टोल मनपा ५ सुख्खासालमा गरी ३६ वटा साना सिंचाई अन्तर्गतको ढिकीपम्प जडान गर्ने काम गरेँ । सिँचाईका उक्त आरआरएनका समूहका सदस्यहरूलाई मर्मत् सम्भारसम्बन्धी तालिम पनि दिएँ । हाल महिनाको सरदर १० हजारभन्दाबढी कमाउने भएको छु उनी गर्बसाथ भन्छन् ।

# कुरुङखोला कल्भर्ट निर्माण योजना सहयोग

युद्ध ब.कार्की
सामाजिक पचिालक, दमक, झापा

झापा जिल्लाको शान्तिनगर गाविस पूर्व-पश्चिम राजमार्गबाट उत्तर इलाम जिल्लासँग सिमाना जोडिएको पहाडी जिल्ला हो । कृषि पेशामा निर्भर आर्थिक सामाजिक र भौतिक पूर्वाधारको क्षेत्रमा यो पिछडिएको गा.वि.स हो । उक्त गा.वि.सको वार्ड न. ७ स्थित चुल्ठेबाट गडी गाउँ मा.वि. जोड्ने बीच बाटोमा पर्ने कुरुङ्खोलाको अधुरो कल्भर्टको समस्याले स्थानीय स्तरबाट आर्थिक संकलन र जनसभागितामा पिलरसम्म उठाएर अधुरो रहेको र विभिन्न संघ-संस्थामा सहयोगको लागि अनुरोध गरेता पनि उक्त योजना निर्माण गर्न नसक्दा समुदायले ज्यादै दुःख भोग्नु परेको अवस्थामा नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) को सहयोग र समुदायको सकृय सहभागितामा रकम रु.२,१५,९०३/- को लगानीमा कल्भर्ट निर्माण कार्य सम्पन्न भएको छ ।

उक्त योजना निर्माणबाट विद्यार्थीहरूलाई विद्यालय आउन जान/उत्पादित तरकारीहरू विक्री वितरण गर्न र आकस्मिक स्वास्थ्य उपचार आदिका लागि सुविधा भएको कुरा उपभोक्ताहरू बताउनु हुन्छ । उक्त कल्भर्ट निर्माण योजना सम्पन्न भएपछि शान्तिगर गा.वि.स वार्ड. नं. ४, ७, ८ र बाहुनडाँगी गा.वि.स वार्ड नं. ८ र ९ का समुदायहरू पनि लाभान्वित भएको हुँदा समुदायले ज्यादै खुसी व्यक्त गरेका छन् ।

# सहकारी संस्थाका माध्यमबाट स्थानीय समुदायका सदस्यहरूको आय आर्जनमा बृद्धि

-ढिपाल घिमिरे
सिनियर सामाजिक परिचालक

भोजपुर जिल्लाको पूर्व-उत्तरी भागमा रहेका गाविसहरूमध्ये साङ्गपाङ्ग गाविस पनि एक हो । यो गाविसको क्षेत्रफल करीब १२७ वर्ग कि.मि. र समुद्र सतहबाट करिब १२०० देखि १८०० मिटर सम्मको उचाईमा अवस्थित छ । साङ्गपाङ्ग गाविसमा राई, तामाङ्ग, शेर्पा, कामी, दमाई, ब्राम्हण, क्षेत्री, भुजेल, सुनुवार आदि जातजातिहरूको प्रमुख रूपमा बसोबास रहेको पाइन्छ । यस गा. वि. स. मा मुख्य व्यावसायको रूपमा कृषि र पशुपालन भएता पनि यहाँका बासिन्दाहरूले व्यापार व्यवसाय पनि गरेका छन् । नगदे बालीको रूपमा आलु खेती, सुन्तला फलफुल जस्ता खेती गरिन्छ, जसबाट आम्दानी गर्न सक्ने संभावना रहेको देखिन्छ ।

स्थानीय हाट बजारको रूपमा बुधवार १ दिन साप्ताहिक बजार देउरालीको झ्याउँपोखरीमा लाग्ने गर्दछ । अन्य टाढाका बजारहरूमा तुम्लिङ्गटार, खाँदबारी, दिङ्गला बजार जहाँ यस भेगका बासिन्दाहरूले आफुले उत्पादन गरेको उपजहरूलाई बिक्री बितरण गरेर आफ्ना दैनिक आवश्यकतालाई परिपूर्ति गर्न सफल भएका छन् ।

जनसहभागिताको आधारमा स्थानीय रूपमा सशक्तिकृत हुने क्रममा साङ्गपाङ्ग गाविसमा २०५७ साल देखि ग्रामीण विकास कार्यक्रम/जिटिजेड को आर्थिक तथा प्राविधिक सहयोगमा नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आर.आर.एन.), भोजपुरले ग्रामीण स्तरमा पिछडिएको गरीब, महिला, बिपन्न, दलित तथा जनजातिहरूको आफनै चासो र सहभागितामा आधारित स्वावलम्बन सामाजिक परिवार गठन गरी सामाजिक परिचालन, बचत तथा ऋण परिचालन, ग्रामीण साना पुर्वाधार विकास निर्माण सहयोग कार्यक्रम र स्थानीय सेवा दिने निकायहरूको संस्थागत विकास जस्ता कार्यक्रम संचालन गर्दै आएको छ । स्वावलम्बन समूहको संस्थागत विकासको निमित्त श्री जनकल्याण बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, साङ्गपाङ्गलाई सहकारी संस्थाको रूपमा दर्ता गर्न मिति २०५९ साल आषाढ ३१ गते सहकारी ऐन २०४८ अर्न्तगत सहकारी संस्था दर्ता गरि निरन्तर रूपमा संचालनमा भैरहेको छ । यस सहकारी संस्थाले सिङ्गो साङ्गपाङ्ग गा वि स लाई सेवा प्रदान गर्दै आएपनि त्यसमध्ये जम्मा ७४१ घरधुरीका ३६८१ मध्ये २०५ घरधुरी र त्यस भित्रका १०२० परिवारका सदस्यहरूलाई सेवा पुरयाउदै आएको छ, त्यसमा ८३ जना महिला र २६ जना दलित रहेका छन् । हाल सहकारी संस्थामा १० वटा स्वावलम्बन समूहहरू आावद्ध भएका छन् ।

संस्थाले सहकारी शिक्षा, सहकारी व्यवस्थापन, सहकारी लेखा, व्यावसायिक कार्ययोजना तालिम सदस्यहरूका मागका आधारमा संचालन गरिएका छन । सहकारी संस्थाले बिभिन्न निकायहरूसँगको समन्वयमा पक्की घर निर्माण सम्पन्न गरी आफ्नै भवनमा कार्यालय संचालन गरेको छ । भवन निर्माणमा आर.आर.एन./जि.टि.जेड. - १२४५१२, आर.आर.एन./डी.एफ.आइ.डी. - ८७३१२, सामुदायिक वन - १५०००, स्थानीय समुदाय - ३८००० गरी रु. २६४,८२४ को जम्मा लागत लागेको थियो । यसबाट संस्थाका शेयर सदस्यहरूलाई आफ्नै गाउँघर, समूहमा स्थानीय स्तरबाट सेवा पाएका छन् । यसलाई संस्थाका अध्यक्ष श्री धनराज तामाङ्ग भन्नुहुन्छ - यस भवन निर्माण हुनुअघि संस्थाको कारोवार व्यवस्थापकको निजी घरबाट हुन्थ्यो, कार्यालय व्यवस्थित तथा

कागजपत्र सुरक्षित नभएका कारण काममा ढिलाई हुने तथा संस्था हाम्रो हो भन्ने भावना सदस्यहरूमा थिएन । तर हाल संस्थाको सबै कार्यहरू आफ्नै भवनको कार्यालयबाट हुन गएकाले सदस्यहरूले बचत तथा ऋण तथा अन्य सेवाहरू लिने कार्यमा छिटो, सरलता र व्यवस्थित भएको छ । भवन निर्माणमा सबैको परिश्रम परेकाले सदस्यहरूलाई संस्था हाम्रो हो भन्ने भावनाको बिकास भएको छ । सदस्यहरूमा समुदायको बिकास निर्माणका कार्यमा उत्साह आएको र केही गर्न सकिन्छ भन्ने लागेको छ ।

संस्थाले सदस्यहरूलाई कसरी फाइदा पुऱ्याएको छ भन्दा संस्थाका ऋण उप-समिति सदस्य श्री लक्ष्मी रायामाझी भन्नुहुन्छ - यस सहकारी संस्था स्थापना हुनुभन्दा पहिले गाउमा खाँचो परी पैसा खोज्दा ऋण त पाइन्थ्यो तर ३०-३६ प्रतिशतसम्म ब्याज तिर्नुपर्थ्यो, अझ महिलालाई कसैले पनि पत्याउन गाह्रो मान्थे, महिलाका लागि धितो राख्ने वा जमानी बस्न समस्या पर्थ्यो । यस्तो चर्को ब्याजबाट केही काम गरेर आय बढाउन सकिदैनथ्यो, गरेपनि सबै आम्दानी ब्याजमा तिर्दै ठीक हुने समस्या थियो । तर सहकारी संस्थामा आबद्ध भएपछि सरल दरमा १५ प्रतिशतका दरले ऋण लिन पाइने र तिर्दा किस्ताबन्दीमा तिर्न सकिने र समूहका अन्य सदस्यहरू जमानी बस्दा पनि पाइने भएकाले आम्दानीमा बृद्धि भएको छ, त्यसै अनुसार बचत पनि बढाउन सकेको छु । अहिले मेरो बचत रु १८२२ छ भनी पासबुक देखाउनु भयो । त्यस्तै हाल करिब रु. ८००० ऋण लिई पसल गरेको र किस्ताबन्दिमा तिर्दै गरेको समेत बताउनुभयो ।



यस संस्थाका शेयर सदस्यहरू मध्ये केही सदस्यहरूले किराना पसल, पशु औषधि पसल, फलामका काम गर्ने, सिलाई काम गर्ने, व्यवसायिक तरकरी खेती, पशुपालन, घरायसी खर्च, शिक्षा, स्वास्थ्य समेतका लागि रु. ३००० देखि ४५००० सम्म ऋण सदस्यहरूले सस्तो दरमा चलाउन पाएका छन्, यसबाट सदस्यहरूको आम्दानी बढ्न गएको छ । संस्थाका अध्यक्ष धनराज तामाङ्गले तरकारी खेतीबाट करिब ८०,००० आम्दानी गरी गाउँमा मील स्थापना गर्ने बताउनु हुन्छ भने सहकारीबाट ऋण लिएर फलामको कामबाट सोबितमान बि.क.ले करिब १५,००० वार्षिक बचत घरखर्च कटाएर ५ रोपनी जग्गा किनेको कुरा गरेको बताउनुभयो ।

संस्थाको आयोजनामा बिभिन्न चेतनामूलक र सीपमुलक तालिम पनि पाएकाले गाउघरमा केही गर्ने जाँगर पलाएको छ । संस्थाले आर.आर.एन. र जिटिजेडको सहयोगमा सहभागितामुलक सिकाई केन्द्र (PLC) कक्षा संचालन गरी ५० जना महिला सदस्यहरू जसमा १५ जना दलित महिला रहेका समेतलाई चेतनामुलक शिक्षा दिई सशक्तिकरणको प्रयास थालिएको छ ।

संस्थाका अध्यक्ष धनराज तामाङ्ग भन्नुहुन्छ बिगतमा द्वन्द्वका अवस्थामा र हालपनि स्थानीय गाविस स्तरमा कुनैपनि निर्वाचित निकाय नभईरहेको वा सरकारी क्षेत्रका सेवा दिने संस्थाहरू पुर्नस्थापना नभईसकेको अवस्थामा पनि यस सहकारी संस्थाले विभन्न सरकारी तथा गैह्रसरकारी संघ-संस्थाहरूसँग सम्पर्क तथा समन्वय गरेर विकास निर्माणका कार्यहरू तथा आय-आर्जनका कार्यहरू गर्दै आएको छ ।

# नमूनाको रूपमा पञ्चकन्या विद्यालय

कुल ब. थापा
सामाजिक परिचालन सहायक, आरआरएन, खोटाङ

खोटाङ जिल्लाको छितापोखरी गाविस वडा नं. ९ गोगनेमा नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)को एस.आर.एल.पी. कार्यक्रम अन्तरगत आ.व. २०६२/६३ को योजनाहरूमध्ये श्री पञ्चन्या प्राथमिक विद्यालय भवन निर्माण योजना पनि एक हो । उक्त योजना अन्तरगत जनश्रमदा( नबाट रु. ६१,९९० र आरआरएनबाट सहयोग रु. १,८३,४७१ गरी जम्मा रु. २,४५,४६१ को लागतमा दुई कोठे भवन निर्माण सम्पन्न भएको छ । भवन १ तले २ कोठे रहेको छ ।

यस विद्यालयको आसपासमा अधिकांश राई, मगर र क्षेत्रीहरूको बसोबास भएको पाइन्छ । छितापाखरी गाविस पर्यटकहरूका लागि आकर्षक र मनमोहक ठाउँ भएतापनि अधिकांश मानिसहरू गरिबीबाट सताइएका हुनाले उक्त भवन जीर्ण भई काम नलाग्ने भैसक्दा समेत कसैले सहयोग देला भनी आशावादी भएर बस्नु सिवाय केही उपाय थिएन । कक्षा १ देखि कक्षा ५ सम्मको स्वीकृति रहेको सो विद्यालयको लागि नयाँ भवन निर्माण गर्न नेपाल ग्रामीण पुर्नीर्माण संस्था (आरआरएन) ले सहयोग पुऱ्याएको थियो ।

सो विद्यालय भवन साँच्चिकै नमूनाको रूपमा बनेको बताउनु हुन्छ पूवस्रोत व्यक्ति तथा प्र.अ. श्री नरेन्द्र राई । 'आरआरएन संस्था साँच्चिकै एउटा सहयोगी संस्था रहेछ' उहाँ बताउनु हुन्छ । यसैगरी विद्यालय व्यावस्थापन समितिका अध्यक्ष श्री मणिप्रसाद राईले भन्नुभयो- 'आरआरएनले यस विद्यालयको भवन निर्माणमा सहयोग गरेकोमा हामी धरै खसी छौं' । उहाँले आरआरएन संस्थालाई यस्तै विकट ठाउँमा काम गर्दै जाओस् भन्ने शुभकामना समेत व्यक्त गर्नुभयो । यसैगरी उपभोक्ता समितिका अध्यक्ष श्री भलामान राई पनि आरआरएन संस्थाप्रति आभार व्यक्त गर्नु हुन्छ ।

विद्यालयका प्र.अ. श्री अगमबहादुर थापा मगर भन्नुहुन्छ - 'कतिखेर विद्यालय लड्ला अनि रामराम भन्नु भन्नु पर्ला भन्ने अवस्था थियो, तर आज नयाँ भवनमा विद्यार्थीहरू बस्न पाउनाले स्वत: पठन-पाठनमासमेत सुधार आएको छ । त्यसैले आर्थिक अवस्था कमजोर भएका गरीब वस्तीका लागि महत्वपूर्ण योगदान आरआरएनबाट प्राप्त भएको छ ।'

यसरी नेपाल ग्रामीण पुनर्निर्माण संस्था, खोटाङले धेरै साना-ठूला योजनाहरू संचालन गरेको भएतापनि यो विद्यालय भवन चाहिं विशेष उल्लेखनीय रहेको कुरा आरआरएन खोटाङ जिल्ला संयोजक श्री निराजन पोखरेल बताउनु हुन्छ ।

कविता

## यस्तो हो आरआरएन

**चन्द्रबहादुर कुमाल**
खाँदबारी, संखुवासभा

**कस्तो हो आरआरएन ?**
**यस्तो हो आरआरएन,**
**गरीब किसानका छोराछोरीलाई पढाईदिने ।**

**कस्तो हो आरआरएन ?**
**यस्तो हो आरआरएन,**
**गरीब दु:खीहरूलाई सहयोग गरिदिने ।**

**कस्तो हो आरआरएन ?**
**यस्तो हो आरआरएन,**
**प्रत्येक गाउँ गाउँमा गएर विकास गरिदिने ।**

# आरआरएन गतिविधि

## बाढी-पहिरोबाट प्रभावितहरूलाई राहत तथा उद्धार सामग्री वितरण

नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)ले मनसून वर्षाको कारण उत्पन्न बाढी र पहिरोबाट विभिन्न जिल्लाका प्रभावित परिवारहरूलाई उद्धार तथा राहत सामग्रीहरू वितरण गर्दै आइरहेको छ ।



बर्दिया जिल्लामा आरआरएनबाट उपलब्ध गराइएको आपतकालीन राहत सहयोग

गत असार १६ गते यता बाँके, बर्दिया, दाङ, सुर्खेत, सप्तरी, झापा, सुनसरी र सिराहा जिल्लाका बाढी पीडितहरूका लागि कम्मल, त्रिपाल, कपडा र प्लास्टिकका ओछ्याउने जस्ता अखाद्य राहत सामग्रीहरू प्रदान गरेको छ । यस्ता राहत सामग्रीहरू बाँके जिल्लामा २८८ घरधुरी, बर्दिया जिल्लामा २३५ घरधुरी, सुर्खेत जिल्लामा ६० घरधुरी, र झापा जिल्लाका ९० घरधुरीलाई प्रदान गरिसकिएको छ ।

यसैगरी आरआरएनले सप्तरी जिल्लाका २०० घरधुरी सुनसरी जिल्लाका २०० घरधुरी, झापा जिल्लाका ५६ घरधुरी र सिराहा जिल्लाका २०० घरधुरीलाई पुग्ने राहत सामग्रीहरू सम्बन्धित जिल्लाका प्रकोप उद्धार समितिहरूलाई हस्तान्तरण गरेको छ । यसका साथै आरआरएनले अन्य संस्थाहरूसँगको संयोजनमा बर्दिया जिल्लाका २५० घरधुरीलाई खाद्य तथा अखाद्य राहत सामग्रीहरू प्रदान गर्ने भएको छ ।

यही भदौ १७ गतेबाट सुनसरी जिल्लाका १५०, सिराहा जिल्लाका १५०, सप्तरी जिल्लाका १५० र महोत्तरी जिल्लाका ३०० बाढी प्रभावित घरपरिवारलाई राहत सामग्रीहरू वितरण गर्न गरिएको छ । यसका साथै आरआरएनले बाढीबाट प्रभावित अन्य केही छानिएका जिल्लाहरूमा पनि प्रकोप उद्धारका कामहरू संचालन गर्ने योजना गरिरहेको छ ।

प्रकोप व्यवस्थापनको काममा आरआरएन संयुक्त राष्ट्र संघ, जिल्ला प्रकोप राहत समितिका साथै विभिन्न तहका अन्य सरोकारवाला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूसँगको निकट संयोजनमा काम गरिरहेको छ । आरआरएनले बाढी प्रभावित घरपरिवारहरूलाई यी राहत तथा उद्धार सामग्रीहरू जर्मन एग्रो एक्सन, कारितास अष्ट्रिया र क्यानेडियन सहयोग कार्यालय (सिसिओ)सँगको साझेदारीमा प्रदान गरिरहेको छ ।

यस सालको मनसुन वर्षाको कारण उत्पन्न बाढी र पहिरोको प्रकोपबाट नेपालका ४७ वटा जिल्लाहरू, खासगरी तराई क्षेत्रमा ७२,२८० मानिसहरू प्रभावित हुन पुगेका छन् ।

## आरआरएनको १७औं स्थापना दिवस सम्पन्न

नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)को १७ औं स्थापना दिवस केन्द्रीय कार्यालय सहित देशका विभिन्न भागहरूमा विविध कार्यक्रमहरूको आयोजना गरी मनाइयो । सो अवसरमा गत भाद्र ७ गते केन्द्रीय कार्यालयको सभाकक्षमा एक अनौपचारिक भेलाको आयोजना गरिएको थियो ।

punarnirman7-joint.qxd 05/11/2007 12:07 Page 23





आरआरएन स्थापना दिवसको उपलक्ष्यमा रोल्पामा आयोजित कार्यक्रमको एक झलक

भेलालाई सम्बोधन गर्दै आरआरएनका अध्यक्ष डा. अर्जुन कार्कीले संस्थाको स्थापनादेखि हालसम्मका विविध अनुभव र अनुभूतिहरू सुनाउनु हुँदै यसको विकास र बढोत्तरीमा आफ्ना गुरुहरू र सहकर्मीहरूको योगदानलाई उल्लेख गर्नुभएको थियो । उहाँले विद्यार्थी अवस्थाको कच्चा ज्ञान र अनुभवको अवस्थामा नै शुरुआत गरिएको 'ग्रीट्स नेपाल' कै निरन्तरताको रूपमा स्थापित नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)ले हाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा एक उल्लेखयोग्य गैरसरकारी संस्थाको रूपमा पहिचान र मान्यता पाएको कुरामा सन्तोष र गौरव महसुस भएको कुरा उल्लेख गर्नुभयो ।

सो अवसरमा डा. कार्कीले आरआरएनको विशेषताहरूको उल्लेख गर्दै यो एकैसाथ जनवकालत र विकास संस्था दुवै हो भन्नुभयो । जनवकालत र विकास कार्यहरूको अन्तरसम्बन्धको उल्लेख गर्दै उहाँले भन्नुभयो- विकासका कामबाट जनवकालतको औचित्यलाई पुष्टि गरिनु पर्दछ भने ग्रामीण जनताका आकांक्षा र आवश्यकताहरूको पूर्ति एकल संस्थाको प्रयासबाट सम्भव नहुने भएकाले यसका लागि सरकार र नीति निर्णय गर्ने निकायलाई झकझक्याउन र दवाव दिनका लागि जनवकालतको जरुरत पर्दछ । यसका साथै उहाँले आउदा दिनहरूमा आरआरएनका सामु उभिएका चुनौतीहरूका बारेमा पनि चर्चा गर्नुभएको थियो । चुनौतीपूर्ण प्रतिष्पर्धात्मक वातावरणमा संस्थालाई खरो उतार्नका लागि उहाँले संस्थाभित्र व्यावसायिक दक्षता र संस्थागत विकास गरिनु पर्ने कुरामा जोड दिनुभयो । कार्यक्रमको अन्त्यमा एक मनोरञ्जनात्मक सेसनको पनि आयोजना गरिएको थियो । कार्यक्रमको संचालन निर्देशक डा. ऋषिराज अधिकारीले गर्नुभएको थियो ।

यसैगरी देशका विभिन्न भागहरूमा पनि विविध कार्यक्रमहरूको आयोजना गरी आरआरएन दिवस मनाइएको खबर प्राप्त भएको छ । आरआरएन दाङले सोही उपलक्ष्यमा जिल्लाका साझेदारहरूको बीचमा एक अन्तर्क्रिया कार्यक्रम तथा संयोजन वैठकको आयोजना गरेको थियो ।

सोही अवसरमा आरआरएन रोल्पाले पनि खानेपानी तथा सरसफाईको विषयमा स्थानीय नागरिक समाजका संस्थाहरू र सरकारी निकायका प्रतिनिधिहरूकको बीचमा छुट्टा-छुट्टै रूपमा

कार्यशालाहरूको आयोजना गरेको थियो । रोल्पामा आयोजित उक्त कार्यक्रममा राष्ट्र संघीय निकायहरू, अ/गैरसरकारी संस्थाहरू र नागरिक समाज संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । सो कार्यक्रममा आरआरएनका क्षेत्रीय संयोजक रामप्रसाद गौतमको सहभागिता रहेको थियो ।

यसै उपलक्ष्यमा आरआरएन बर्दियाले बाढीको प्रकोपबाट प्रभावित परिवारहरूलाई राहत सामग्रीहरू वितरण गरेको थियो । आरआरएन बाँके र क्षेत्रीय कार्यालय नेपालगंजका कर्मचारीहरूको बीचमा एक छलफलको आयोजना गर्नुका साथै कार्यक्षेत्रको भ्रमण गरी आरआरएन दिवस मनाएको छ ।

स्मरणीय छ, आरआरएन एक विकासमूखी गैरसरकारी संस्थाको रूपमा कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, चितवनका स्नातक विद्यार्थीहरूको समूहद्वारा २०४६ साल भदौ ७ गते स्थापना गरिएको थियो ।

## विभिन्न तालिम तथा कार्यशालाहरू सम्पन्न

आरआरएनका कर्मचारीहरूका लागि 'व्यवसायिक प्रतिवेदन लेखन' सम्बन्धी एक हप्ते तालिम कार्यक्रम गत अप्रिल २१ देखि २७ गतेसम्म चितवनको सौराहमा सम्पन्न भयो । उक्त तालिम कार्यक्रममा आरआरएनका विभिन्न जिल्लाका जिल्ला संयोजकहरू, परियोजना संयोजकहरूका साथै केन्द्रीय, क्षेत्रीय तथा जिल्ला कार्यालयका कार्यक्रम अधिकृतहरू सहभागिता रहेको थियो । आरआरएनका तालिम संयोजक टंक उप्रेतिको संयोजकत्वमा सम्पन्न उक्त तालिम कार्यक्रममा सशक्तिकरण तथा सिकाई विकास केन्द्र (इ.एल.डी.) का उत्तम उप्रेतीले प्रशिक्षण दिनुभएको थियो ।

आरआरएनद्वारा संचालित 'खाद्य सुरक्षा तथा जीविकोपार्जन परियोजना (एफ.एस.एल.पी.) को वार्षिक मूल्याङ्कन तथा समीक्षा गर्नका लागि एक दिने सहभागितात्मक प्रगति समीक्षा कार्यशाला गत मे २९ मा चितवनमा सम्पन्न भयो । सो कार्याशालामा वीरेन्द्रनगर र चैनपुर गाविसका १५ वटा महिला समूहहरूका प्रतिनिधिहरूले भाग लिएका थिए । यस कार्यशालाकै निरन्तरताको रूपमा गत अगष्ट २२-२३ गते अर्को दुइ दिने योजना कार्यशालाको पनि आयोजना गरिएको थियो । जसमा सोही गाविसहरूका २२ वटा महिला समूहहरूका प्रतिनिधिहरूले भाग लिएका थिए ।

यसैगरी सामुदायिक पूर्वाधार तथा जीविकोपार्जन सहयोग कार्यक्रम (आर.सी.आई.एल.एस.पी.) अन्तरगत पूर्वी पहाडका भोजपुर र संखुवासभा जिल्लामा संचालित ग्रामीण उर्जा कार्यक्रमको संचालन, मर्मत, संभार तथा व्यवस्थापन सम्बन्धी तालिम कार्यक्रम गत भदौ १० देखि १६ गतेसम्म तुम्लिङटार स्थित आरआरएन तालिम केन्द्रमा संचालन गरियो । उक्त तालिम कार्यक्रममा भोजपुर र संखुवासभा जिल्लाबाट आएका आर.सी.एल.एस.पी. कार्यक्रमका उपभोक्ता समूहका २२ प्रतिनिधिहरूले भाग लिएका थिए । उक्त तालिम कार्यक्रमका सहभागीहरूलाई उर्जा कन्सलटका राम प्रसाद धितालले प्रशिक्षण दिनु भएको थियो ।

## दिगो प्रजनन स्वास्थ्य तथा जीविकोपार्जन कार्यक्रमको उद्घाटन

नेपाल ग्रामीण पुनर्निमाण संस्था (आरआरएन) र संयुक्त राष्ट्र जनसंख्या कोष (यू.एन.एफ.पी.ए.) द्वारा संचालित 'दिगो प्रजनन स्वास्थ्य तथा जीविकोपार्जन कार्यक्रम (SUREHELP) को गत साउन ४ गते काठमाडौंमा उद्घाटन गरियो ।

सामाजिक-आर्थिक तथा राजनीतिक सचेतना तथा सशक्तिकरणको प्रक्रियाबाट द्वन्द्व प्रभावित महिला, गरीब र अल्पसंख्यकहरूको प्रजनन स्वास्थ्य र जीविकोपार्जनका अवसरहरूलाई सबलीकरण गर्ने उद्देश्यसहित उक्त परियोजना हाल सुदुर पश्चिमान्चलको सल्यान र रोल्पा जिल्लामा संचालन भइरहेको छ । उक्त परियोजनाबाट सल्यान र रोल्पा जिल्लाका छानिएका १० गाविसका ३३,६०० महिला, युवा तथा बालबालिकाहरू

लाभान्वित हुनेछन् । यस परियोजनाका लागि आर्थिक सहयोग अष्ट्रिया सरकारबाट प्राप्त भएको हो ।

उक्त परियोजनाको उद्घाटन कार्यक्रम ललितपुरको होटल हिमालयमा गत साउन ४ गते सम्पन्न भएको थियो । कार्यक्रममा प्रमुख अतिथिको रूपमा बोल्नु हुदै स्थानीय विकास मन्त्री देव गुरुङले समग्र राष्ट्रिय विकासका निम्ति राज्यलाई जिम्मेवार बनाइनु पर्ने कुरामा जोड दिनुभयो । उहाँले भन्नुभयो- 'गैरसरकारी क्षेत्रबाट भएका यस्ता प्रयासहरू प्रशंसायोग्य भएता पनि नयाँ नेपालको निर्माणका लागि यी पर्याप्त छैनन् ।'

उक्त अवसरमा आरआरएनका कार्यक्रम अधिकृत तथा यस परियोजनाका संयोजक सीमा लुइटेलले परियोजनाको संक्षिप्त परिचय प्रस्तुत गर्नुभएको थियो भने सेलिल अधिकारले परियोजना क्षेत्रमा गरिएको सर्वेक्षणबाट प्राप्त तथ्याङ्क र सूचकांकहरू प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रम आरआरएनका अध्यक्ष डा. अर्जुन कार्कीको सभापतित्वमा सम्पन्न भएको थियो । कार्यक्रमको समापन मन्तव्यको सिलसिलामा उहाँले भन्नुभयो- 'हामीले सामाजिक, आर्थिक रुपान्तरण र राजनीतिक सचेतनाको प्रक्रियाबाट नयाँ नेपालको पुनर्संरचना नगरेसम्म केही हुनेवाला छैन ।'

## वार्षिक प्रगति समीक्षा तथा समन्वयात्मक गोष्ठी सम्पन्न

उमेश भारती, आरआरएन रोल्पा ।

नेपाल ग्रामीण पुनर्निर्माण संस्था, ग्रामीण सामुदायिक पूर्वाधार तथा जीविकोपार्जन सहयोग र दीगो प्रजनन् स्वास्थ्य तथा जीविकोपार्जन सहयोग कार्यक्रम रोल्पाको आयोजनामा गत साउन २५ गते सदरमुकाम लिवाङमा वार्षिक प्रगति समीक्षा तथा समन्वयात्मक गोष्ठी सम्पन्न भयो ।

उक्त कार्यक्रममा ग्रामीण सामुदायिक पूर्वाधार तथा जीविकोपार्जन सहयोग, जीवन र जीविका र तल्लो घापा सिंचाई तथा जीविकोपार्जन सहयोग कार्यक्रम अन्तर्गत जुलाई २००६ देखि जुन २००७ मा रोल्पा जिल्लाको वर्ष दिनमा गरिएका उपलब्धी तथा योजनाको विस्तृत प्रगति प्रतिवेदन आरआरएनका जिल्ला संयोजक रुद्र थापाले प्रस्तुत गर्नु भएको थियो ।

प्रतिवेदनमा सो अवधिमा जिल्लामा भएका माओवादी शिविर व्यवस्थापन लगायत विभिन्न योजनाहरूमा आरआरएनको तर्फबाट १ करोड १० लाख १७ हजार ३ सय ९ रुपैया बराबरको नगद र जिन्सी, समुदायको रु. १८ लाख ५ हजार ९ सय ८३ रुपैयाँ बराबरको जनश्रमदान र अन्य सरकारी गैरसरकारी निकायहरूको रु. ६ लाख ६६ हजार ५ सय ४७ रुपैयाँ बराबरको नगद र जिन्सी गरी १ करोड ३४ लाख ८९ हजार ९ सय २६ रुपैयाँको कुल लागत भएको थियो कुरा प्रस्तुत गरिएको थियो ।

यु.एन.एफ.पि.ए.को सहयोगमा रोल्पा र सल्यान जिल्लामा संचालित दिगो प्रजनन स्वास्थ्य तथा जीविकोपार्जन सहयोग कार्यक्रमको बारेमा कार्यक्रम संयोजक रवि ज्ञवालीले परियोजनासम्बन्धी विस्तृत विवरण प्रस्तुत गर्नु भयो । कार्यक्रममा अधिकांश वक्ताहरूले संस्थाले गरेको योगदानको उच्च प्रशंसा गर्दै जिल्ला विकासका काम गर्दा गुरु योजना बनाएर काम गर्नु पर्ने र धेरै काममा हात हाल्नुभन्दा एउटा कुनै विशेष काममा जोड दिनुपर्ने र रोल्पामा आरआरएन स्थायी रुपमा रहनुपर्ने जस्ता सल्लाह सुझाव दिएका थिए ।

मन्तव्यकै सिलसिलामा स्थानीय विकास अधिकारीले एक वर्षको अवधिमा १ करोड भन्दा बढीको विकास बजेट आरआरएनले रोल्पामा खर्च गरेकोमा खुसी व्यक्त गर्नुभयो । प्रमुख अतिथि सहायक प्रमुख जिल्ला अधिकारी टोपेन्द्रबहादुर के.सी.ले आरआरएनले दुगर्म गााउँ वस्तीमा जनमूखी, पारदर्शी, ढङ्गले ज्यादै राम्रा योजनाहरू सफलतापूर्वका संचालन गरी सिङ्गो रोल्पावासीको मन जित्न सकेकोमा धन्यवाद दिनुभयो ।

punarnirman7-joint.qxd 05/11/2007 12:07 Page 26

# सम्पादकीय

'पुननिर्माण' नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) को त्रैमासिक पत्रिका हो । दिगो ग्रामीण विकास, गरिवी निवारण, विपन्न ग्रामीण समुदायको सशक्तिकरण तथा उत्थानको क्षेत्रमा विगत १७ वर्षदेखि क्रियाशील आरआरएनले २०५० सालदेखि नियमित रूपमा 'पुनर्निर्माण' को प्रकाशन गर्दै आएको छ । आजको सूचनाको युगमा समेत संचारका साधनहरूबाट विमुख रहन बाध्य नेपालका दुर्गम ग्रामीण भेगमा बसोबास गर्ने समुदाय र दिगो विकासका क्षेत्रमा कार्यरत संस्था तथा व्यक्तिहरूको बीचमा 'संचार पुल'को रूपमा यस प्रकाशनले खेलेको भूमिकालाई नजरअन्दाज गर्न सकिन्न । विकास भन्ने कुरा स्रोत, अवसर र साधनमाथि एकलौटी हैकम जमाएर बसेका शहरीया सम्भ्रान्त वर्गबाट ग्रामीण जनतालाई प्रदान गरिने दान हैन, बरु यो नागरिकहरूको न्योचित अधिकारको विषय हो भन्ने कुराको वकालत गर्दै विकासमा ग्रामीण जनताको पहुँच स्थापित गराउन उनीहरूको सशक्तिकरणमा यसले निश्चय पनि महत्वपूर्ण भूमिका खेलेको छ । स्रोत, साधन र अवसरमाथि सबै वर्ग, जात/जाति, क्षेत्र र समुदायका जनताको समान पहुँच स्थापनाका लागि राज्यको पुनर्संरचना गर्दै आर्थिक, सामाजिक तथा राजनीतिक अग्रगमनतर्फ उन्मुख हालको परिस्थितिमा ग्रामीण जनताका विकास अधिकारमा समर्पित 'पुनर्निर्माण' माथि थप जिम्मेवारी आएको छ । तसर्थ आगतको जिम्मेवारीलाई सहजताका साथ निर्बाह गर्नका लागि यस प्रकाशनलाई अझ समयसापेक्षित रुपमा सुधार गर्दै जानुपर्ने खाँचो देखिएको छ ।

यस प्रकाशनको नियमितता तथा स्तरियता तपाई पाठक, लेखक तथा सुभेच्छुकहरूको निरन्तर सहयोगमा मात्र सम्भव छ । तसर्थ हामी पाठकहरूबाट अटुट रूपमा सुझाव, सल्लाह तथा आलोचनाको अपेक्षा गर्दछौं । यसका साथै हामी हाम्रा लेखक साथीहरूबाट निम्न अनुसारका लेख/रचनाहरू सदा झैं पाइरहने पूर्ण आशा एवं विश्वास गर्दछौं:

- आरआरएनका विविध गतिविधिसम्बन्धी समाचारमूलक सामग्रीहरू ।
- आरआरएनबाट संचालित परियोजनाहरूका उपलब्धीहरू समेटिएका अभिलेखमुलक सामग्रीहरू ।
- ग्रामीण गरीबहरूलाई स्थानीय स्रोत र साधनहरूको उपयोगबाट आम्दानीमा बृद्धि गरी जीवनस्तर उकास्न उत्प्रेरित गर्ने किसिमका लेख/रचनाहरू ।
- परियोजना कार्यान्वयनमा संलग्न कर्मचारी तथा लाभान्वितहरूका अनुभव र अनुभूतिजन्य लेखौटहरू ।
- विकास सम्बन्धी खासगरी ग्रामीण विकाससँग सम्बन्धित समसामयिक मुद्दाहरूमा जनचेतना अभिबृद्धि गर्ने सामग्रीहरू ।
- ग्रामीण समुदायका सरोकारकार विभिन्न विषयमा चेतनामूलक सामग्रीहरू ।
- पाखा पारिएका ग्रामीण समुदायका विकास अधिकारको पक्षमा लेखिएका लेख रचनाहरू ।

अन्त्यमा, बडा दशैं तथा तिहार २०६४ को उपलक्ष्यमा यहाँहरू सबैमा हार्दिक मंगलमय शुभकामना ।